चिकित्सा शिक्षा आयोग

# तेस्रो वार्षिक प्रतिवेदन

## २०७७ साउन-२०७८ असार

**चिकित्सा शिक्षा आयोग**

सानोठिमी, भक्तपुर

चिकित्सा शिक्षा आयोग

# तेस्रो वार्षिक प्रतिवेदन

## २०७७ साउन-२०७८ असार

**चिकित्सा शिक्षा आयोग**

**सानोठिमी, भक्तपुर**

**चिकित्सा शिक्षा आयोगको तेस्रो वार्षिक प्रतिवेदन, २०७७/७८**
२०७८, भदौ

**प्रकाशक :** चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर

© **सर्वाधिकार :** चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर

**फोन नं. :** ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६

**वेबसाइट :** www.mec.gov.np

**इमेल :** info@mec.gov.np

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ ६६३९४१३, ६६३९४१४
६६३९४१७, ६६३९४१८
वेबसाईट : www.mec.gov.np

सानोठिमी, भक्तपुर ।


पत्र संख्या:-
चलानी नं.:-

मिति: २०७८।०५।२५

विषय : आयोगको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा।

नेपाल सरकार
मार्फत् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौँ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम यस आयोगले २०७७ साउनदेखि २०७८ असार मसान्तसम्म सम्पादन गरेको काम कारवाहीसहितको तेस्रो वार्षिक प्रतिवेदन तयार गरी उक्त ऐनको दफा ५१ को उपदफा (२) को प्रयोजनका लागि चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिको २०७८।०५।२३ को निर्णयानुसार पेस गरिएको व्यहोरा सादर अनुरोध छ।

भवदीय

..................................

(प्रा.डा. श्रीकृष्ण गिरी)
उपाध्यक्ष

# मौजुदा चिकित्सा शिक्षा आयोग

| क्र.स. | नाम | विवरण | पद |
|---|---|---|---|
| १ | सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | अध्यक्ष |
| २ | | मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सहअध्यक्ष |
| ३ | | मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सहअध्यक्ष |
| ४ | प्रा.डा. श्रीकृष्ण गिरी | उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग | उपाध्यक्ष |
| ५ | माननीय डा. उमा शंकर प्रसाद | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) | सदस्य |
| ६ | प्रा.डा. धर्मकान्त बाँस्कोटा | उपकुलपति, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| ७ | प्रा.डा ज्ञानेन्द्र गिरी | उपकुलपति, बिपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| ८ | प्रा.डा. राजेश नाथ गंगोल | उपकुलपति, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| ९ | श्री रामप्रसाद थपलिया | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| १० | डा. रोशन पोखरेल | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ११ | प्रा.डा. भीमप्रसाद सुवेदी | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| १२ | श्री खगेन्द्रप्रसाद अधिकारी | उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य |
| १३ | डा. सन्तोषकुमार ठाकुर | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् | सदस्य |
| १४ | प्रा.डा. गेहनाथ बराल | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | सदस्य |
| १५ | रिक्त | अध्यक्ष, नेपाल नर्सिङ परिषद् | सदस्य |
| १६ | डा. मोहनकृष्ण श्रेष्ठ | अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | सदस्य |
| १७ | श्री प्रज्वलजङ्ग पाण्डे | अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल | सदस्य |
| १८ | प्रा.डा. शेखरबाबु रिजाल | अध्यक्ष, एसोसिएसन अफ हेल्थ प्रोफेसन्स एजुकेसनिष्ट अफ नेपाल | सदस्य |
| १९ | प्रा. मनकुमारी राई | अध्यक्ष, नेपाल नर्सिङ संघ | सदस्य |
| २० | प्रा.डा. रमेशकान्त अधिकारी | नागरिक समाजका लब्ध प्रतिष्ठित | सदस्य |
| २१ | प्रा.डा. गिता गुरुङ | नागरिक समाजका लब्ध प्रतिष्ठित | सदस्य |
| २२ | प्रा.डा. भगवान कोइराला | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य |
| २३ | प्रा.डा. दिव्या सिंह शाह | चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| २४ | प्रा.डा. शैली प्रधान | चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| २५ | प्रा.डा. जगदीशप्रसाद अग्रवाल | चिकित्सा शिक्षा विज्ञ | सदस्य |

| क्र.स. | नाम | विवरण | पद |
|---|---|---|---|
| २६ | डा.लोचन कार्की | अध्यक्ष, नेपाल मेडिकल एसोसिएसन | सदस्य |
| २७ | श्री बसरुद्दिन अन्सारी | अध्यक्ष, निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठन | सदस्य |
| २८ | रिक्त | मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण सङ्स्था सञ्चालकहरूको राष्ट्रिय स्तरको आधिकारिक सङ्गठनको अध्यक्ष | सदस्य |
| २९ | श्री डिल्लीराम लुइटेल | चिकित्सा शिक्षा आयोगको वरिष्ठ कर्मचारी | सदस्य-सचिव |

# कार्यकारी समितिका पदाधिकारीहरू



**(प्रा.डा. श्रीकृष्ण गिरी)**

अध्यक्ष



**(प्रा.डा.दिलिप शर्मा)**

सदस्य



**(प्रा.डा. रमेशप्रसाद आचार्य)**

सदस्य



**(प्रा.डा.सङ्घरत्न बज्राचार्य)**

सदस्य



**(प्रा.डा.आरती खनाल शाह)**

सदस्य



**(प्रा.डा. शैली प्रधान)**

सदस्य



**(प्रा.डा.गीता गुरुङ)**

सदस्य



**(श्री डिल्लीराम लुइटेल)**

सदस्य सचिव

# कृतज्ञता

चिकित्सा शिक्षा आयोगको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक पर्ने निर्देशिका, मापदण्ड एवम् कार्यविधि निर्माण तथा परिमार्जनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्बन्धित विज्ञ, विशेषज्ञ र सरोकारवालाप्रति आयोग हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

आर्थिक वर्ष २०७७/०७८ मा आयोगबाट सम्पादित शुल्क निर्धारण, सिट निर्धारण, अनुगमन तथा मुल्याङ्कन, पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, एकीकृत प्रवेश परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन सम्बन्धी कार्यमा दक्ष एवम् विशेषज्ञ प्रतिनिधिको रूपमा आयोगलाई निरन्तर सहयोग र सुझाव प्रदान गर्नुहुने महानुभावहरूप्रति आयोग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

यसैगरी आयोगको एकीकृत प्रवेश परीक्षा सञ्चालन सम्बन्धी कार्यका लागि भवन लगायत अन्य भौतिक सुविधा उपलब्ध गराई सहयोग गर्ने विभिन्न प्रतिष्ठान, मेडिकल क्याम्पस, विद्यालय तथा अन्य निकायहरूलगायत आयोगका कार्य सम्पादनमा सहयोग प्रदान गर्ने सरकारी एवम् गैरसरकारी निकाय, पदाधिकारी र कर्मचारीहरूलाई आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत तेस्रो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सदस्य सचिव लगायत सम्पूर्ण कर्मचारीहरूप्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

२०७८, भदौ ।

# कार्यकारी सारांश

आर्थिक वर्ष २०७७।७८ को अवधिमा आयोगको बैठक ३ पटक बसी चिकित्सा शिक्षा अन्तर्गत स्नातक र स्नातकोत्तर तहको शुल्क निर्धारण, सिट निर्धारण, एकीकृत प्रवेश परीक्षा सञ्चालन, आन्तरिक कोष सञ्चालन र लेखापरीक्षण, सार्वजनिक शिक्षण सङ्स्थाहरूलाई अनुदान वितरण लगायत १६ वटा विषयहरूमा निर्णय भएको र सवै निर्णयहरू कार्यान्वयनमा लगिएको छ।

१. आर्थिक वर्ष २०७७।७८ भित्रमा ६१ पटक कार्यकारी समितिको बैठकमार्फत् १९६ वटा निर्णयहरू भएका छन्। समितिले नीतिगत निर्णयलाई निर्देशनालय, बोर्ड र सचिवालयमार्फत् कार्यान्वयन गराएको र नीतिगत प्रष्टता आवश्यक परेका विषयमा आयोगको बैठक समक्ष एजेण्डाका रूपमा सिफारिस गरी आयोगबाट भएको निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाइएको छ।

२. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ लाई समसामयिक रूपमा आवश्यक सशोधनका लागि सशोधनका विषयवस्तुसहित नेपाल सरकार समक्ष सुझाव पेस गरिएको छ।

३. चिकित्सा शिक्षा आयोगको काम कारवाहीलाई व्यवस्थित, पारदर्शी, निष्पक्ष र प्रभावकारी बनाउनका लागि आर्थिक वर्ष २०७७।७८ भित्र देहाय अनुसारका निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

| सि.न. | नाम |
|---|---|
| १ | चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७ |
| २ | चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७७ |
| ३ | चिकित्सा शिक्षासम्बन्धी प्रमाणपत्र तहभन्दा मुनिका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका सङ्स्थाको स्तरोन्नतिसम्वन्धी मापदण्ड, २०७७ |
| ४ | चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७ |
| ५ | चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणाली सम्वन्धी कार्यविधि, २०७८ |
| ६ | नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| ७ | चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरूको बिदा तथा भ्रमण सम्वन्धी कार्यविधि, २०७७ |

४. शैक्षिक सत्र २०७६/०७७ र २०७७।७८ का स्नताक तह र स्नातकोत्तर तहको विभिन्न कार्यक्रमको शुल्क निर्धारण गरी कार्यान्वयनका ल्याइएको छ।

५. शैक्षिक सत्र २०७७ का लागि विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण सङ्स्थाको तहगत र विषयगत सिट संख्या निर्धारण गरेको छ।

६. चिकित्सा शिक्षाको स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन गरी विद्यार्थी भर्ना सिफारिस गरिएको छ भने स्नातक तहको एकीकृत प्रवेश परीक्षा सञ्चालनका लागि आवेदन फाराम सङ्कलन तथा रुजु कार्य गरी परीक्षा सञ्चालन तयारी कार्य सम्पन्न भएको छ।

७. स्वदेश तथा विदेशी शिक्षण सङ्स्थामा छात्रवृत्तिमा चिकित्सा विधाका विभिन्न कार्यक्रम अध्ययनका लागि विद्यार्थी छनोटको कार्य सम्पन्न गरिएको छ।

८. चिकित्सा शिक्षा अन्तर्गत स्नातक तहमा नि:शुल्क छात्रवृत्तिमा विद्यार्थी अध्ययन गराउने विभिन्न सार्वजनिक शिक्षण सङ्स्थालाई आर्थिक वर्ष २०७७।७८ मा रु ३६ करोड ९६ लाख ४२ हजार ५ सय चौरासी रूपैया एकमुष्ठ अनुदानको रूपमा निकासा दिइएको छ।

९. नेशनल बोर्ड अन्तर्गत सञ्चालन गरिने स्पेसियालिटिज तथा सव स्पेसियालिटिजका कार्यक्रमका लागि विभन्न सङ्स्थाहरू पहिचान तथा स्तर निर्धारण, कार्यक्रम सञ्चालन गर्दा पालना गर्नु पर्ने मापदण्ड एवम शिक्षक फ्याकल्टीका लागि मार्गदर्शन गर्न नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

# विषय सूची


परिच्छेद १ : आयोगको गठन र कार्यक्षेत्र ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आयोगको गठन प्रक्रिया ........ ३

१.३ आयोगको काम, कर्तव्य, अधिकार ........ ३

१.३.१ कार्यकारी समिति ........ ४

१.३.२ कार्यकारी समितिको काम, कर्तव्य, अधिकार ........ ४

१.३.३ उपाध्यक्ष, निर्देशनालय तथा निर्देशक र सदस्य सचिव ........ ४

१.३.३.१ उपाध्यक्ष ........ ५

१.३.३.२ निर्देशनालय तथा बोर्ड र निर्देशक ........ ५

१.४ प्रतिवेदन पेस गर्ने दायित्व ........ ८

परिच्छेद २ : आयोगको कार्यसम्पादनका आधार तथा सिद्धान्तहरू ........ ९

२.१ सङ्स्थागत प्रवन्ध ........ ९

२.१.१ नेपालको संविधान ........ ९

२.१.२ कानुनहरू ........ ९

२.१.३ नीतिहरू ........ १०

२.१.३.१ राष्ट्रिय शिक्षा नीति, २०७६ ........ १०

२.१.३.२ स्वास्थ्य नीति, २०७६ ........ ११

२.१.३.३ पन्ध्रौं आवधिक योजना ........ ११

२.२ सङ्गठनात्मक संरचना ........ ११

२.३ कार्यसम्पादनका सिद्धान्त ........ १३

परिच्छेद ३ : आयोगको कार्यसम्पादन ........ १६

३.१ आयोगको निर्णय तथा निर्णय कार्यान्वयन अवस्था ........ १६

३.२ कार्यकारी समितिको निर्णय तथा निर्णय कार्यान्वयन अवस्था ........ १७

३.३ ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड ........ १८

३.३.१ राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सशोधनका लागि सुझाव ........ १८

३.३.२ राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ संशोधनका लागि सुझाव ........ २७

३.३.३ चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७ ........ ३१

३.३.४ चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७७ ........ ३१

३.३.५ चिकित्सा शिक्षासम्बन्धी प्रमाणपत्र तहभन्दा मुनिका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका सङ्स्थाको स्तरोन्नतिसम्वन्धी मापदण्ड, २०७७ ........ ३१

३.३.६ चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७ ........ ३१

३.३.७ चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणाली सम्वन्धी कार्यविधि, २०७८ ........ ३१

३.३.८ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधी, २०७७.................. ३१
३.३.९ चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरूको बिदा तथा भ्रमण सम्वन्धी कार्यविधि, २०७७ ....... ३२
३.३.१० स्नातक तहको पाठ्यक्रम प्रारूप ढाँचा २०७७.............................................................. ३२
३.४ शुल्क निर्धारण ................................................................................................. ३२
३.५ वैदेशिक अध्ययन अनुमति पत्र ............................................................................. ३४
३.६ मापदण्ड तथा सिट निर्धारण................................................................................ ३५
३.६.१ मापदण्ड........................................................................................... ३५
२.६.२ सिट निर्धारण..................................................................................... ३५
२.७ अनुगमन तथा मूल्याङ्कन ................................................................................ ३६
२.८ एकीकृत प्रवेश परीक्षा ...................................................................................... ३६
२.८.१ पाठ्यक्रम विकास.................................................................................. ३६
२.८.२ प्रश्नपत्र निर्माण तथा परीमार्जन .............................................................. ३६
२.८.३ सूचना प्रकासन .................................................................................... ३६
२.८.४ दरखास्त संकलन र रुजु......................................................................... ३७
२.८.५ परीक्षा सञ्चालन.................................................................................. ३८
२.८.६ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण ........................................................ ३८
२.८.७ नतिजा प्रकाशन .................................................................................. ३८
२.८.८ उजुरी तथा परामर्श............................................................................... ४०
२.८.९ म्याचिङ र विद्यार्थी भर्ना ......................................................................... ४०
३.९ छात्रवृत्ति सम्बन्धी व्यवस्था ................................................................................ ४०
३.९.१ विदेशमा छात्रवृत्तिमा अध्ययनका लागि छनौट ............................................... ४०
३.९.२ सार्वजनिक शिक्षण सङ्स्थालाइ छात्रवृत्ति अनुदान वितरण ................................ ४१
३.१० मेडिकल स्पेसियालिटिज र सव स्पेसियालिटिज ................................................... ४२
३.११ मुद्दा तथा फैसाला................................................................................. ४३
३.१२ अन्य कार्य........................................................................................... ४६

परिच्छेद ४ : वित्तीय अवस्था................................................................................. ४७
४.१ आयोगको वित्तीय अवस्था ................................................................................. ४७
४.२ लेखापरीक्षण र वेरुजु........................................................................................ ४७

परिच्छेद ५ : समस्या, चुनौती र अवसर ..................................................................... ४८
५.१ समस्या.......................................................................................................... ४८
५.२ चुनौती ......................................................................................................... ४९
५.३ अवसर........................................................................................................... ५०

परिच्छेद ६ : भावी कार्यदिशा................................................................................... ५३

अनुसूचीहरू.......................................................................................................... ५५
अनुसूची १ : शैक्षिक सत्र २०७७ का लागि स्नातक र स्नातकोत्तर तहका लागि निर्धारण गरिएको सिटको विवरण .. ५५
अनुसूची २ : चिकित्सा शिक्षा आयोगका लागि प्रस्तावित सङ्गठन संरचना चिकित्सा शिक्षा आयोगको कुल दरबन्दी तेरिज ..................................................................................................... ६९

# परिच्छेद १
# आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

विश्वव्यापी रूपमा शिक्षा र स्वास्थ्यका विषयलाई मानवका आधारभूत आवश्यकता एवम् नैसर्गिक अधिकारका रूपमा स्थापित गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ मा स्वास्थ्य र धारा २६ मा शिक्षासम्बन्धी अधिकारहरूको व्यवस्था रहेको छ । त्यसैगरी २०७२ सालमा जारी नेपालको संविधानले शिक्षा र स्वास्थ्यको हकलाई नागरिकको मौलिक हकमा रूपमा व्यवस्था गरेको छ ।

विभिन्न समयमा नागरिक समाज, सम्बद्ध दवाव समूह एवम् सरोकारवालाहरूबाट प्रस्तुत मागहरूको सम्बोधन गरी गुणस्तरीय चिकित्सा शिक्षामा नागरिकको सहज पहुँचका अभिवृद्धिका लागि चिकित्सा शिक्षाको क्षेत्रमा समसामयिक सुधार गर्न नेपाल सरकारबाट विभिन्न समयमा विभिन्न आयोग, कार्यदल र समितिहरू गठन भएका छन् ।

नेपालका मेडिकल कलेजहरूको शुल्क, सम्बन्धन र गुणस्तरका सम्बन्धमा समीक्षा र पुनरावलोकन गर्न वि.स. २०६७ साल असोज १२ राष्ट्रिय योजना आयोगका सदस्य माननीय श्री प्रेमबहादुर कुँवरको संयोजनकत्वमा १० सदस्यीय समिति गठन गरियो । उक्त समितिले विभिन्न उपसमिति गठन गरी चिकित्सा शिक्षामा देखिएका समस्या र ती समस्या समाधानका लागि सुझाव तयार गरी वि.स. २०६८ सालमा नेपाल सरकार समक्ष प्रतिवेदन पेस गरेको थियो ।

पूर्व सचिव श्री जयराम गिरी संयोजक रहेको ८ सदस्यीय समितिले मेडिकल कलेज तथा उच्चस्तरीय राष्ट्रिय मापदण्ड तयार गरी मिति २०७१ साल भाद्र ४ गते तत्कालीन माननीय शिक्षा मन्त्री चित्रलेखा यादव समक्ष प्रतिवेदन पेस गरेको थियो ।

प्रा.डा. रमेशकान्त अधिकारीको संयोजकत्वमा गठित कार्यदलले चिकित्सा विज्ञान सम्बन्धी विश्वविद्यालयको सम्भाव्यताका बारेमा अध्ययन गरी वि.स. २०७२ सालमा प्रतिवेदन पेस गरेको थियो ।

नेपाल सरकार मन्त्रिपरिषद्ले वि.स. २०७१ साल चैत्र २६ गते चिकित्सा शिक्षा सम्बन्धी आशयपत्र, विस्तारित कार्यक्रम, योग्यताक्रमका आधारमा विद्यार्थी भर्ना, सिट थपघट र शुल्क सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र नेपाल मेडिकल काउन्सिलबाट भए गरेका कामको विषयमा छानविन गरी प्रतिवेदन पेस गर्न पुनरावेदन अदालत, पाटनका पूर्व मुख्यन्यायाधीश श्री हरिवावु भट्टराईको अध्यक्षतामा शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयका सहसचिवसमेत रहेको तीन सदस्यीय छानबिन आयोग गठन गरेको थियो । उक्त आयोगले आफूलाई प्राप्त अधिकार क्षेत्रमा रहेर वि.स. २०७२ सालमा नेपाल सरकारलाई प्रतिवेदन पेस गरेको थियो ।

नेपालमा चिकित्सा शिक्षासम्बन्धी रहेका समस्या र चुनौतीहरूको पहिचान, विश्लेषण र प्रभावहरूको तथ्यपरक विवेचना गरी चिकित्सा शिक्षाको राष्ट्रिय नीति तर्जुमा गरी सिफारिस गर्न त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति तथा शिक्षाविद् प्रा. केदारभक्त माथेमाको संयोजकत्वमा वि.स. २०७१ साल पुस १८ गते उच्चस्तरीय कार्यदल गठन भएको थियो । उक्त कार्यदललाई नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७१ चैत्र २० गते साविकको कार्यदेशमा चिकित्साशास्त्र लगायतका विषयका सबै तहमा वैज्ञानिक शुल्क निर्धारण र सम्बन्धन खारेजी सम्बन्धी कार्यदेश थप गरेको थियो । यस कार्यदलले

चिकित्सा शिक्षाको क्षेत्रमा गर्नु पर्ने सुझावहरू समेटी वि.स. २०७२ सालमा नेपाल सरकारलाई प्रतिवेदन पेस गरेको थियो। चिकित्सा शिक्षा सुधारको क्षेत्रमा महत्वपूर्ण मानिने यस प्रतिवेदनलाई माथेमा आयोगको प्रतिवेदन नामले समेत प्रख्यात छ।

एमबिबिएस र बिडिएस शैक्षिक कार्यक्रमको वि.स. २०७३ देखि मेडिकल कलेज/शिक्षण सङ्स्थाहरूले लिन पाउने शुल्क पुनरावलोकन गरी राय सुझावसहितको प्रतिवेदन पेस गर्न नेपाल सरकार मन्त्रिपरिषदद्वारा वि.स. २०७३ असार २६ गते राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य माननीय प्रा.डा. शिवकुमार राईको संयोजकत्वमा ८ सदस्यीय समिति गठन गरिएको थियो। समितिले आफूलाई प्राप्त कार्यक्षेत्र भित्र रहेर नेपाल सरकार समक्ष प्रतिवेदन पेस गरेको थियो।

नेपाल सरकारले वि.स. २०७४ सालमा चिकित्सा शिक्षाका क्षेत्रमा विभिन्न अनियमिता भएको, विशेष गरी सम्बन्धन, प्रवेश परीक्षा, भर्ना, शुल्क र गुणस्तरका क्षेत्रमा यस प्रकारका समस्यालाई मध्यनजर राख्दै यसको निराकरणका लागि सुझाव पेस गर्न विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो। उक्त जाँचबुझ आयोगले चिकित्सा शिक्षाको क्षेत्रमा भएको अनियमितताको छानविन गरी समाधानका लागि सुझाव समेटी नेपाल सरकार समक्ष प्रतिवेदन पेस गरेको थियो।

चिकित्सा शिक्षा सुधारको लागि माथेमा कार्यदल लगायत विभिन्न समिति एवम् कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयन गराउन र चिकित्सा शिक्षाको क्षेत्रमा देखिएका विसङ्गति विकृति हटाउनका लागि दवाव दिन डा. गोविन्द के.सी. पटक पटक अनसन समेत बस्नु भएको थियो।

माथि उल्लिखित पृष्ठभूमिमा सम्बद्ध सरोकारवालाको चासो र जनगुनासो समेतलाई दृष्टिगत गरी विभिन्न आयोग, समिति तथा कार्यदलबाट प्रस्तुत भएका प्रतिवेदनहरूबाट प्राप्त सुझाव तथा राष्ट्रिय आवश्यकतासमेतका आधारमा २०७४ साल कात्तिक २४ गते राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न अध्यादेश जारी भएको थियो। उक्त अध्यादेश अनुसारका कार्य प्रारम्भ गर्न २०७४ साल फागुन ९ गते औपचारिक रूपमा चिकित्सा शिक्षा आयोगको काम गर्न तत्कालीन शिक्षा मन्त्रालय अन्तर्गतको शैक्षिक जनशक्ति विकास केन्द्रको "ख" भवनमा कार्यालय स्थापना भएको थियो। उक्त अध्यादेशको समयावधि सकिनै लाग्दा प्रतिस्थापन विधेयकका रूपमा संसदमा विधेयक पेस भई संसदबाट पारित भएपछि वि.स. २०७५ फागुन १० गते राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भएको थियो।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम आयोगको पहिलो बैठक २०७५ चैत्र ४ गते सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा बसेको थियो। उक्त बैठकमा उपाध्यक्षको नियुक्ति र आयोगका सदस्यहरूको मनोनयन गरी आयोगलाई पूर्णता दिने निर्णय भएको थियो। उक्त निर्णयअनुसार आयोगलाई पूर्णता दिने क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्धारा मिति २०७६।०५।२६ मा आयोगका उपाध्यक्षमा प्रा. डा. श्रीकृष्ण गिरीको नियुक्ति गरेको र भाद्र २९ गते पद बहालीपश्चात् आयोगका दैनिक कार्यले गति लिएको थियो। त्यस्तै नेपाल सरकारको मिति २०७६।७।१७ को निर्णयअनुसार वर्तमान आयोगका पदेनवाहेकका सदस्यहरूको मनोनयनसँगै आयोगले पूर्णता पाएको हो। २०७६ मंसिर दोस्रो हप्तामा आयोगमा पूरा समय काम गर्ने निर्देशकहरूको नियुक्ति गरी आयोगको नियमित कामकारवहीलाई अगाडि बढाइयो।

यस ऐनअनुसार विश्वविद्यालय, प्रतिष्ठानलगायत अन्य सम्बन्धित निकायहरूको निर्दिष्ट स्वायत्तता र स्वतन्त्रतालाई आत्मसात गरी राष्ट्रियस्तरमा सम्बद्ध सबै निकायहरूसँग समन्वय र सहकार्य गर्ने एवम् अन्तर्राष्ट्रियस्तरका निकायहरूसँग समेत समन्वय,

सहकार्य र साझेदारी गर्दै समावेशी र गुणस्तरीय चिकित्सा शिक्षाको सुनिश्चितताका लागि यस आयोगको नेतृत्वदायी भूमिका अपेक्षित हुन गएको छ ।

## १.२ आयोगको गठन प्रक्रिया

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ को उपदफा (१) मा चिकित्सा शिक्षा आयोग गठनको व्यवस्था रहेको छ । प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने यस आयोगमा नागरिक समाजका लब्ध प्रतिष्ठित प्रतिनिधि, विषयगत पेसागत सङ्स्थाका अध्यक्ष, राष्ट्रिय तहका निजी र सरकारी क्षेत्रका पेशगत सङ्गठन, विश्वविद्यालयका उपकुलपति लगायत जम्मा २९ सदस्यीय पदाधिकारीहरू रहने व्यवस्था छ । आयोगमा मनोनयन हुने सदस्यहरू अध्यक्षबाट मनोनयन गर्ने व्यवस्था छ जसको पदावधि ४ वर्षको हुनेछ ।

## १.३ आयोगको काम, कर्तव्य, अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ :

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,
(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,
(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,
(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,
(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,
(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने,
(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,
(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने,
(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,
(ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,
(ट) शिक्षण सङ्स्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,
(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

उक्त ऐनमा रहेको व्यवस्थालाई थप स्पष्ट गर्दै राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३ मा ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था रहेको छ :

(क) आयोगको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
(ख) शिक्षण सङ्स्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड स्वीकृत गर्ने,
(ग) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृत गर्ने ।

### १.३.१ कार्यकारी समिति

आयोगको कार्यकारी निकायको रूपमा काम गर्नका लागि एक कार्यकारी समिति रहने व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ को उपदफा (१) गरेको छ। आयोगको उपाध्यक्षको अध्यक्षतामा गठन हुने कार्यकारी समितिमा आयोगको ४ वटा निर्देशनालयको निर्देशकहरू, अध्यक्षले मनोनयन गरेका आयोगका दुई जना सदस्य र आयोगको सदस्य सचिवसहित ८ जना पदाधिकारी रहने व्यवस्था छ।

### १.३.२ कार्यकारी समितिको काम, कर्तव्य, अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ९ ले कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने उल्लेख गरेको छ :

(क) निर्देशनालय र बोर्डबिच समन्वय गर्ने,
(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने
(ग) निर्देशनालय र बोर्डबाट पेस हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि आयोगमा पेस गर्ने,
(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐनबमोजिम आशयपत्रका लागि आयोग समक्ष सिफारिस गर्ने,
(ङ) आयोगमा स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने,
(च) यस ऐनबमोजिम शिक्षण सङ्स्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,
(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,
(ज) शिक्षण सङ्स्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,
(झ) शिक्षण सङ्स्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धित विषयमा आयोगसमक्ष सिफारिस गर्ने
(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने गराउने।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३ अनुसार ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आयोगको योजना तर्जुमा, वार्षिक कार्यक्रम र बजेटसम्बन्धी कार्य गर्ने,
(ख) आयोगको कार्यक्रम कार्यान्वयन गर्न विश्वविद्यालय, प्रतिष्ठान र विषयगत काउन्सिलसँग समन्वय र सहजीकरण गर्ने,
(ग) आयोगको सङ्गठन र व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्य गर्ने,
(घ) आयोगबाट सम्पादन भएका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,
(ङ) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृतिका लागि आयोग समक्ष सिफारिस गर्ने,
(च) शिक्षण सङ्स्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी स्वीकृतिको लागि आयोग समक्ष पेस गर्ने,
(छ) शिक्षण सङ्स्था स्थापनाका लागि नक्साङ्कन गरी आयोगमा पेस गर्ने,
(ज) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित अन्तिम परीक्षामा उत्तीर्ण विद्यार्थीलाई उपाधि प्रदान गर्न आयोग समक्ष सिफारिस गर्ने,
(झ) आयोगले तोकेबमोजिमका अन्य काम गर्ने वा गराउने।

### *१.३.३ उपाध्यक्ष, निर्देशनालय तथा निर्देशक र सदस्य सचिव*

#### *१.३.३.१ उपाध्यक्ष*

आयोगको उपाध्यक्ष पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदका रूपमा रहने व्यवस्था ऐनको दफा २२ ले गरेको छ । लोकसेवा आयोगको अध्यक्ष संयोजक गठित ३ सदस्यीय सिफारिस समितको सिफारिसमा नेपाल सरकारले आयोगको उपाध्यक्ष नियुक्ति गर्ने छ र उपाध्यक्षको पदावधि चार वर्षको रहने व्यवस्था रहेको छ ।

**उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार ऐनमा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) आयोगबाट स्वीकृत, नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,
(ख) आयोगको वार्षिक कार्यकम, योजना तथा बजेट तयार गराई आयोग समक्ष पेस गर्ने,
(ग) आयोग र समितिका निर्णय कार्यान्वयन गर्ने गराउने,
(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,
(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ५ वमोजिम ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आयोगबाट निर्णय हुने विषयमा प्रस्ताव तयार गरी आयोग समक्ष पेस गर्ने,
(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकताअनुसार निर्देशन दिने,
(ग) प्राज्ञिक कार्यक्रमसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनको ढाँचा स्वीकृत गर्ने,
(घ) आयोग तथा समितिबाट प्रत्यायोजित अन्य काम गर्ने वा गराउने ।

#### *१.३.३.२ निर्देशनालय तथा बोर्ड र निर्देशक*

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा २८ को उपदफा १ ले आयोगको कार्य सम्पादनका लागि मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटी गरी ४ वटा निर्देशनालय तथा बोर्ड रहेन व्यवस्था छ । प्रत्येक निर्देशनालयमा एक जना निर्देशक रहने व्यवस्था छ । राष्ट्रिय योजना आयोगको सदस्य संयोजक रहेको सिफारिस समितिले सिफारिस गरेको आधारमा उपाध्यक्षबाट निर्देशकको नियुक्ति हुने र यसरी नियुक्त निर्देशकको पदावधि ४ वर्षको हुने कानुनी व्यवस्था छ ।

**निर्देशनालय तथा बोर्डको काम, कर्तव्य र अधिकार**

आयोगको दैनिक नियमित कार्य सम्पादनका लागि निर्देशनालय बोर्डको व्यवस्था गरिएको हो । राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार निर्देशनालय र बोर्डको काम, कर्तव्य र अधिकार यस प्रकार रहेको छः

**मापदण्ड तथा प्रत्यायन निर्देशनालयको काम, कर्तव्य र अधिकारः**

ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मापदण्ड तथा प्रत्यायन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) शिक्षण सङ्स्था स्थापना तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने,
(ख) शिक्षकको योग्यतासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने,
(ग) शिक्षण विधि र प्रविधिसम्बन्धी कार्य गर्ने,
(घ) चिकित्सा शिक्षाको गुणस्तर मूल्याङ्कनको मापदण्ड तयार गर्ने,
(ङ) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका कार्यक्रमको प्रत्यायनसम्बन्धी कार्य गर्ने,
(च) चिकित्सा शिक्षा क्षेत्रका सङ्स्था, पाठ्यक्रम, गुणस्तर लगायतको मापदण्ड तयार गर्ने,
(छ) विदेशमा अध्ययन तथा फेलोसिपलगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिममा जान चाहने व्यक्तिलाई अनुमतिपत्र दिने,
(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

**योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको काम, कर्तव्य र अधिकारः**

योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
(क) आयोगको वार्षिक योजना तथा कार्यक्रम तर्जुमासम्बन्धी कार्य गर्ने,
(ख) राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्तिको आवधिक आँकलन, प्रक्षेपण तथा आपूर्तिको योजनासम्बन्धी कार्य गर्ने,
(ग) स्वीकृत योजनाअनुसार चिकित्सा शिक्षासम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य सङ्स्था तथा शिक्षण सङ्स्थासँग समन्वय गर्ने,
(घ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्धनसम्बन्धी कार्य गर्ने,
(ङ) चिकित्सा शिक्षाका लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कार्य गर्ने,
(च) चिकित्सा शिक्षाको गुरुयोजना तर्जुमा गरी समितिमा पेस गर्ने,
(छ) अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्ने वा गराउने,
(ज) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

**परीक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार**

परीक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :
(क) चिकित्सा शिक्षासम्बन्धी स्नातक, स्नातकोत्तर र सोभन्दा माथिको तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,
(ख) प्रवेश परीक्षा, विद्यार्थी भर्ना, विद्यार्थी मूल्याङ्कन र अन्तिम परीक्षासम्बन्धी नीति तथा मापदण्ड तयार गरी समितिमा पेस गर्ने,
(ग) परीक्षासम्बन्धी आवश्यक प्रविधि विकास गरी कार्यान्वयन गर्ने,
(घ) विद्यार्थी भर्नाका लागि म्याचिङ प्रणालीको विकास तथा कार्यान्वयन गर्ने,
(ङ) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग अध्ययन शर्तसम्बन्धी कबुलियतनामा गर्ने,
(च) एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गर्ने,
(छ) नेपालका शिक्षण सङ्स्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विदेशी व्यक्तिका लागि विषयगत रूपमा न्यूनतम प्राप्ताङ्क निर्धारणसम्बन्धी कार्य गर्ने,

(ज) परीक्षा सञ्चालनका लागि आवश्यकताअनुसार उपसमिति गठन गर्ने,

(झ) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

**नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको गठन तथा काम कर्तव्य र अधिकार :**

(१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको गठन देहायबमोजिम हुनेछः

(क) निर्देशक, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज – अध्यक्ष

(ख) विश्वविद्यालय तथा प्रतिष्ठानका डीनहरूमध्ये समितिबाट मनोनीत दुई जना – सदस्य

(ग) रजिष्ट्रार, नेपाल मेडिकल काउन्सिल – सदस्य

(घ) चिकित्सा शिक्षाका ख्याति प्राप्त विज्ञहरूमध्ये समितिबाट मनोनीत एक जना महिला – सदस्य

(ङ) सहसचिव, स्वास्थ्यसम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय – सदस्य

(च) वरिष्ठ अधिकृत, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज – सदस्य सचिव

**नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) चिकित्सा शिक्षाको क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रमसम्बन्धी पाठ्यक्रमको तयारीसम्बन्धी कार्य गर्ने,

(ख) पूर्वाधार पूरा गरेका स्वास्थ्य सङ्स्थामा स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने,

(ग) क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रमसम्बन्धी तालिम सञ्चालन गर्ने सङ्स्था, फ्याकल्टीको पहिचानसम्बन्धी कार्य गर्ने,

(घ) स्पेसियालिटिजका क्लिनिकल विधामा अध्ययनका लागि सिट सङ्ख्या, फ्याकल्टी, सुपरभाइजर र सहभागीको सूची तयार गरी समितिमा पेस गर्ने,

(ङ) आयोगबाट निर्धारित मापदण्डको अधीनमा रही नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको परीक्षा सञ्चालन गर्ने वा गराउने,

(च) अनुगमन तथा मूल्याङ्कन पद्धति निर्माण र कार्यान्वयन गर्ने,

(छ) मेडिकल स्पेसियालिटिजका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सङ्स्थासँग परामर्श गर्ने र सोको जानकारी समितिलाई गराउने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

### *१.३.३.३ सदस्य–सचिव*

आयोगका निर्णय कार्यान्वयनलगायत आयोगका दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कार्य गर्नका लागि आयोगको सचिवालय रहेको र उक्त सचिवालयको नेतृत्व वरिष्ठ कर्मचारीले आयोगको सदस्य–सचिवका रूपमा काम गर्ने व्यवस्था रहेको छ । ऐनले आयोगमा कर्मचारी व्यवस्था नभएसम्म नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले आयोगको सदस्य सचिव भई काम गर्ने व्यवस्था रहेको छ ।

**सदस्य–सचिवको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ३० बमोजिम सदस्य सचिवको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आयोगको वार्षिक कार्यक्रम र योजना तयार गरी उपाध्यक्ष समक्ष पेस गर्ने,
(ख) आयोगको वार्षिक बजेट तयार गर्ने,
(ग) आयोगको चल अचल सम्पत्तिको देखदेख, स्याहार सम्भार गर्ने वा गराउने,
(घ) आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,
(ङ) आयोगमा रहने अभिलेख अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,
(च) आयोगका कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,
(छ) आयोगको कार्यालयको काम कारवाहीको अनुगमन, नियन्त्रण, सुपरीवेक्षण गर्ने,
(ज) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकताअनुसार सम्पर्क र समन्वय गर्ने ।
(झ) आयोग वा समितिले तोकेको अन्य काम गर्ने ।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३३ बमोजिम ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः

(क) आयोगको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने,
(ख) समितिबाट निर्णय हुनुपर्ने विषयको प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,
(ग) आयोग तथा समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,
(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने वा गराउने,
(ङ) आयोगको कार्य सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणाली, सुशासन र जवाफदेहितासम्बन्धी कार्यहरू गर्ने वा गराउने,
(च) आयोगको आर्थिक प्रशासनसम्बन्धी कार्य गर्ने,
(छ) आयोगको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट तथा खर्च समर्थनसम्बन्धी कार्य गर्ने वा गराउने,
(ज) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीको करार सेवासम्बन्धी कार्य गर्ने,
(झ) नेपाल सरकारबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने,
(ञ) आयोग, समिति र उपाध्यक्षबाट प्रत्यायोजित अन्य काम गर्ने ।

## १.४ प्रतिवेदन पेस गर्ने दायित्व

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५१ को उपदफा (१) मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र त्यस वर्षभरिमा आफूले सम्पादन गरेको काम कारवाहीको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार चिकित्सा शिक्षा आयोगले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेस गर्दै आएको छ ।

# परिच्छेद २

# आयोगको कार्यसम्पादनका आधार तथा सिद्धान्तहरू

## २.१ सङ्स्थागत प्रवन्ध

### *२.१.१ नेपालको संविधान*

नेपालको संविधानले नागरिक तथा राजनितक अधिकारको साथसाथै सामाजिक साँस्कृतिक एवम आर्थिक अधिकारसमेतलाई समेटी धारा १६ देखि धारा ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ। शिक्षाको हक, स्वास्थ्य सम्बन्धी हक, स्वच्छ वातावारणको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक लगायतका हकहरू मौलिक हकमा समेटिएका छन्। संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हकमा प्रत्यक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकको व्यवस्था गरेको छ। त्यसैगरी संविधानको धारा ३५ को स्वास्थ्य सम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क हुने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने एवम् प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक लगायतका व्यवस्था छ।

संविधानको धारा ५१ मा राज्यका नीतिहरू समावेश छन्। नागरिकको आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षा, स्वास्थ्य र नागरिकका आधारभूत वस्तु तथा सेवाका विषयलाई समावेश गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै लगिने तथा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गरी निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमश: नि:शुल्क बनाउँदै लैजाने विषय नीतिमा उल्लेख छ। त्यसैगरी नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने जस्ता विषय पनि संविधानका नीतिमा व्यवस्था छ।

### *२.१.२ कानुनहरू*

चिकित्सा शिक्षा आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा प्रयोग गर्दै आएका ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू देहाय बमोजिम रहेका छन्:

- राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५
- राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७
- चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७
- चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरूको बिदा तथा भ्रमण सम्वन्धी कार्यविधि, २०७७
- चिकित्सा शिक्षासम्बन्धी प्रमाणपत्र तहभन्दा मुनिका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका सङ्स्थाको स्तरोन्नतिसम्वन्धी मापदण्ड, २०७७
- चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७७

- कोडिभ १९ को महामारी र लगडाउनको सन्दर्भमा विभिन्न शैक्षिक सङ्स्थामा पोष्ट ग्राजुएसन कार्यक्रमको अनुगमन तथा सिट निर्धारण गर्दा अवलम्बन गर्ने कार्यविधि, २०७७
- चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७
- स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७
- अनुगमनसम्बन्धी आन्तरिक कार्यविधि, २०७७
- नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

### *२.१.३ नीतिहरू*

#### *२.१.३.१ राष्ट्रिय शिक्षा नीति, २०७६*

राष्ट्रिय शिक्षा नीति, २०७६ ले चिकित्सा शिक्षा सम्बन्धमा देहायका नीति तथा कार्यनीति लिएको छ :

नीति १. चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउन गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्न चिकित्सा शिक्षा आयोगको सुदृढीकरण गर्ने र चिकित्सा शिक्षामा सक्षमतामा आधारित (Competency based) पाठ्यक्रम लागु गर्ने ।

**कार्यनीति**

१. चिकित्सा शिक्षासम्बन्धी सम्पूर्ण सङ्स्था तथा कार्यक्रमहरू संघीय सरकारको शिक्षासम्बन्धी विषय हेर्ने मन्त्रालयको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै चिकित्सा शिक्षा आयोगको नियमन, नेतृत्व र निर्देशनमा गुणस्तर कायम गराइने छ । चिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरूलाई एकीकृत प्रतिष्ठानका रूपमा सञ्चालन गर्न आवश्यक कानुनी प्रवन्ध गरिने छ ।

२. चिकित्सा शिक्षाको पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको सिर्जनशीलता तथा समस्याको विश्लेषण क्षमता, सहकार्य सिप, कार्य कौशल, समस्या समाधान सिप आदिमा जोड दिइने छ । सोको वास्तविक मूल्याङ्कनका निम्ति मूल्याङ्कन प्रणालीमा सुधार तथा परिवर्तन गर्ने संस्कारको विकास गरिने छ ।

३. पूर्वाधार पूरा गरेका स्वास्थ्य सङ्स्थाहरूमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियल्टिजको तत्वावधानमा स्नातकोत्तर चिकित्सा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न अनुमति दिइने छ ।

४. चिकित्सा शिक्षाको पाठ्यक्रमले नैतिक मूल्य मान्यता, सञ्चार सिप एवं समुदायप्रति दायित्वबोध गर्ने खालका विषयवस्तुसमेत समेट्नुपर्ने र शिक्षण अभ्यास तथा इन्टर्नसिपलाई वैज्ञानिक एवं सापेक्षिक बनाउन स्वास्थ्य शिक्षा प्रविधिको उच्चतम प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

५. चिकित्सा शिक्षालगायत प्राविधिक विषयहरूमा सरकारले उपलब्ध गराएको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरूले अध्ययन पूरा गरेपश्चात् कानुनबमोजिमको अवधिभर अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था मिलाइने छ ।

६. चिकित्सा शिक्षासम्बन्धी नयाँ सङ्स्थाहरू स्थापना एवं सञ्चालन गर्दा भौतिक पूर्वाधार, जनशक्ति तथा आर्थिक व्यवस्थापनका साथै जनसंख्या र भौगोलिक सन्तुलनलाई समेत आधार बनाउनुपर्ने गरी कानुनी प्रबन्ध गरिने छ ।

नीति २. आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधि उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने ।

**कार्यनीति**

१. आयुर्वेद अध्ययन अध्यापन गर्ने गरी छुट्टै विश्वविद्यालय स्थापना गरी यसको आंगिक कलेजको रूपमा माग र आवश्यकता अनुरूप प्रत्येक प्रदेशमा आयुर्वेद कलेज स्थापना गरिने छ ।

२. स्वास्थ्यसँग सम्बन्धित संकायहरू जस्तैः इ-मेडिसिन, डेन्ट्रिस्ट, नर्सिङ, जनस्वास्थ्य र फार्मेसी विषय क्षेत्रका पाठ्यक्रममा आयुर्वेदसम्बन्धी विषयवस्तु समावेश गरी पठनपाठनको व्यवस्था गरिने छ ।

### *२.१.३.२ स्वास्थ्य नीति, २०७६*

स्वास्थ्य नीति २०७६ मा चिकित्सा शिक्षा सम्बन्धमा देहायको नीति उल्लेख गरिएको छ :

१. स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी तथा गुणस्तरीय वनाउन जनसङ्ख्या, भूगोल र संघीय संरचनाअनुरूप सिप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास र विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने छ ।

२. सेवा प्रदायक व्यक्ति तथा सङ्स्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषदहरूको संरचनाको विकास, विस्तार तथा सुधार गरिने छ ।

३. स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुदान गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरूलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिने छ ।

४. स्वास्थ्य क्षेत्रमा सहकारी, निजी तथा गैरसरकारी क्षेत्रबिचको सहकार्य तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक तथा वाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गरिने छ ।

५. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिकलगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गरिनेछ ।

### *२.१.३.३ पन्ध्रौं आवधिक योजना*

नेपाल सरकारले समृद्ध नेपाल सुखी नेपाली भन्ने दीर्घकालीन सोचसहितको पन्ध्रौ पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । समृद्धिका ४ र सुखका ६ गरी १० वटा दिर्घकालीन लक्ष्यहरूमा गुणस्तरीय मानव पुँजी निर्माण तथा सम्भावनाहरूको पूर्ण उपयोग, परिष्कृत र मर्यादित जीवन, न्यायपूर्ण समान, स्वस्थ र सन्तुलित पर्यावरण लगायतका विषय समेटिएका छन् । दीर्घकालीन रणनीतिमा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने उल्लेख छ । त्यसैगरी दीर्घकालीन लक्ष्य तथा रणनीतिलाई नै पन्ध्रौ आवधिक योजनको लक्ष्य तथा रणनीति कायम गरी गुणस्तरीय स्वास्थ्य तथा शिक्षा कायम गर्दै नागरिकहरूलाई मर्यादित र परिष्कृत जीवन यापनको अनुभूति गराउने राष्ट्रिय उद्देश्य समेत योजनाले लिएको छ ।

## *२.२ सङ्गठनात्मक संरचना*

आयोग एउटा अविच्छिन्न उत्तराधिकार वाला स्वशासित सङ्स्थाको रूपमा रहेको छ । आयोगको कार्यकारी निकायका रूपमा काम गर्न एक कार्यकारी समिति रहने व्यवस्था छ । आयोगको पूरा समय काम गर्न प्रमुख कार्यकारीका रूपमा नेपाल सरकारले उपाध्यक्षको नियुक्ति गर्ने व्यवस्था छ । आयोगको कामलाई व्यवस्थित गर्न मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटी गरी ४

वटा निर्देशनालय तथा बोर्ड रहेन व्यवस्था छ। उक्त निर्देशनालयहरूको प्रमुखका रूपमा पूरा समय कार्य गर्ने निर्देशकहरू रहने व्यवस्था छ। चार वर्षे कार्यकाल हुने निर्देशकहरूको नियुक्ति आयोगका उपाध्यक्षबाट हुने व्यवस्था छ।

आयोगको सङ्गठन संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गर्ने व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ दफा ३१ मा छ। आयोगको आफ्नै कर्मचारी रहने व्यवस्था भए पनि आफ्नो कर्मचारी नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले आवश्यक पर्ने कर्मचारी उपलव्ध गराउने व्यवस्था छ। हाल आयोगका लागि नेपाल सरकारले अस्थायी दरवन्दी सालवासली रूपमा स्वीकृत गरी आवश्यक कर्मचारीहरूको व्यवस्था गर्दै आएको छ। आर्थिक वर्ष २०७७।७८ का लागि नेपाल सकारबाट स्वीकृत अस्थायी दरवन्दी संरचना देहाय अनुसार रहेको छ :

तालिका न. १

**स्वीकृत अस्थायी दरवन्दी विवरण**

चिकित्सा शिक्षा आयोग सानोठिमी भक्तपुर

आर्थिक वर्ष २०७७।०७८

| सि.नं | पद | श्रेणी/तह | सेवा | समुह/ उपसमुह | आ.व.०७७।७८ को दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सह सचिव | रा.प.प्रथम | शिक्षा | शिक्षा प्रशासन | १ | स्थायी निजामती |
| २ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | स्थायी निजामती |
| ३ | उप सचिव | रा.प.द्वितीय | शिक्षा | शिक्षा प्रशासन | ७ | स्थायी निजामती |
| ४ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा. प्रशासन/ लेखा | १ | स्थायी निजामती |
| ५ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानुन | १ | स्थायी निजामती |
| ६ | वरिष्ठ कन्सल्टेन्ट जनरल फिजिसियन | ९/१० | स्वस्थ्य | मेडिसिन, जनरल मेडिसिन | १ | स्थायी निजामती |
| ७ | वरिष्ठ जनस्वास्थ्य प्रशासक,जनस्वास्थ्य प्रशासक, | ९/१० | स्वस्थ्य | हेल्थ इन्सपेक्सन | २ | स्थायी निजामती |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | २ | स्थायी निजामती |
| ९ | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | ८ | स्थायी निजामती |
| १० | वरिष्ठ जनस्वास्थ्य अधिकृत जनस्वास्थ्य अधिकृत | तह ७-८ | स्वस्थ्य | हेल्थ इन्सपेक्सन | ३ | स्थायी निजामती |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा. प्रशासन/ लेखा | १ | स्थायी निजामती |
| १२ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | - | स्थायी निजामती |

| सि.नं | पद | श्रेणी/तह | सेवा | समुह/ उपसमुह | आ.व.०७७।७८ को दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | क.इन्जिनियर | रा.प.तृतीय | विविध | - | १ | स्थायी निजामती/ करार |
| १४ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | सा प्रशासन | ७ | स्थायी निजामती |
| १५ | प्राविधिक सहायक | रा.प.अन.प्र | शिक्षा | शिक्षा प्रशासन | - | स्थायी निजामती |
| १६ | लेखापाल | रा.प.अन.प्र | प्रशासन | लेखा | १ | स्थायी निजामती |
| १७ | कम्प्युटर अपरेटर | रा.प.अन.प्र | विविध | - | २ | स्थायी निजामती/ करार |
| १८ | खरिदार | रा.प.अन. द्वितीय | प्रशासन | सा.प्रशासन | १ | स्थायी निजामती |
| १९ | का.स | श्रेणी विहीन | | | ८ | स्थायी निजामती/ करार |
| २० | ह.स.चा. | श्रेणी विहीन | | | ८ | स्थायी निजामती/ करार |
| | | | | जम्मा | ५६ | |

## *२.३ कार्यसम्पादनका सिद्धान्त*

कुनै पनि सङ्गठित सङ्स्थाले निश्चित सिद्धान्तमा आधारित भई आफ्नो कार्य सम्पादन गर्ने प्रचलन अनुसार यस आयोगले पनि केही निश्चित सिद्धान्तलाई आफ्नो कार्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा अपनाएको छ । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रस्तावनाको मूल मर्मअनुसार चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमन र व्यवस्थापनलाई एकीकृत तथा चुस्त बनाउने, चिकित्सा शिक्षासम्बन्धी शिक्षण सङ्स्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने, चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, सङ्स्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्नलगायत सबै वर्ग र समुदायका विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्ने जस्ता विषय चिकित्सा शिक्षा आयोगका मुख्य मार्गनिर्देशक सिद्धान्त हुन् । उक्त मार्गनिर्देशक सिद्धान्तलाई आत्मसात गरी आयोगले आफ्नो कार्यसम्पादनका क्रममा देहायका सिद्धान्तमा अबलम्बन गर्दछ :

१. गुणस्तरीयताको सिद्धान्त (Principle of Quality)

आयोगको पहिलो र महत्वपूर्ण कार्य नै चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउन आवश्यक नीति अवलम्बन गर्नु हो । साथै संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड निर्धारण गर्ने जिम्मेवारी पनि आयोग भएकाले समग्रमा यस आयोगको कार्य सिद्धान्त पनि गुणस्तरियतामा आधारित बनाउन प्रयत्नशील रहेको छ ।

२. समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)

आयोगबाट लिइने चिकित्सातर्फको विभिन्न तह र विधाको एकीकृत प्रवेश परीक्षा र छात्रवृत्तिका लागि लिइने परीक्षामा ऐन

तथा नियमावलीमा व्यवस्था भएबमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवारबिच मात्र प्रतिस्पर्धा हुने गरी छनोट गर्ने गरिन्छ । त्यस्तै आयोगको गठन तथा आयोगबाट गठित समिति तथा कार्यदलहरू गठन गर्दा पनि समावेशी सहभागिता सुनिश्चित गर्ने अभ्यास भइरहेको छ ।

३. योग्यताको सिद्धान्त (Principle of Merit)

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा सम्बन्धित समूहभित्र उच्चतम अङ्क पाउनेहरूले क्रमशः रोज्दै जाने गरी सिट प्रदान गरिन्छ । सम्बन्धित तह र विधाका लागि आयोगद्वारा निर्धारित पाठ्यक्रम बमोजिम निष्पक्ष र स्वच्छ रूपमा प्रवेश परीक्षा सञ्चालन हुने हुँदा भर्नाका लागि सिफारिस हुने उम्मेदवार चिकित्सकीय कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ ।

४. निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगका निर्णय र प्रवेश परीक्षा सम्बन्धी कामकारवाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात नहुने प्रबन्ध गरिएको छ ।

५. गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

प्रवेश परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि सिट निर्धारण र परीक्षा सम्बन्धी प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता कायम राख्दछ । आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्तांक नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ । आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथ साथै गुणस्तरीयता सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

६. स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गर्ने प्रयत्न गरिन्छ । आयोगले लिने निर्णयहरू र गरिने क्रियाकलापलाई पूर्व निर्धारित मापदण्ड र कार्यविधिका आधारमा स्वच्छ र वस्तुपरक बनाउन आवश्यक सङ्स्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिएको छ ।

७. समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

आयोगबाट हुने आशयपत्र, सम्बन्धन तथा प्रत्यायन, प्रवेश परीक्षा र विद्यार्थी भर्ना, शिक्षण शुल्क निर्धारण, अनुगमन र मूल्यांकन जस्ता कार्यमा तोकिएका मापदण्ड र आधार पुगेका शिक्षण सङ्स्था तथा सम्बन्धित व्यक्तिको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाएको छ । एकीकृत प्रवेश परीक्षामा तोकिएको योग्यता पुग्ने समूहका सबैलाई दरखास्त पेस गर्न समान अवसर प्रदान गरिन्छ ।

८. द्विअन्ध सिद्धान्त (Principle of Double Blind)

प्रवेश परीक्षा सम्बन्धी प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र जानकारी समेत दिइँदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा पाउँदैनन् । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्तांक कसको हो भन्ने बारेमा डिकोडिङ नगर्दासम्म पूर्णतः अनभिज्ञ रहन्छ । त्यस्तै आयोगका हरेक कर्मचारीहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ ।

गोप्य रहनुपर्ने कुनै एक निर्देशनालय/शाखाको कार्यसम्पादनमा अर्को निर्देशनालय/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन।

९. परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking)

प्रवेश उत्तरपुस्तिका OMR सिट परीक्षण गर्नुअघि दोहोरो संकेतीकरण (Double Coding) प्रक्रियामार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षणपश्चात् वैयक्तिक पहिचान विहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अनुभव र काम गरेको अनुभव बापत अंकहरू एकीकृत गरेपश्चात् मात्र उम्मेदवारको वैयक्तिक पहिचान विसंकेतीकरण (Decoding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

१०. असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालित कुनै पनि परीक्षा, सिट निर्धारण र गोप्य रूपमा गरिने कार्यमा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशनसम्मको प्रक्रियाबाट अलग राखिन्छ र संलग्न गराइँदैन।

# परिच्छेद ३

# आयोगको कार्यसम्पादन

## ३.१ आयोगको निर्णय तथा निर्णय कार्यान्वयन अवस्था

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ५ को उपदफा (१) ले प्रधानमन्त्रीको अध्यक्षतामा एउटा आयोग गठन हुने व्यवस्था गरेको छ। सोही ऐनको दफा ७ को उपदफा (१) मा आयोगको बैठक आवश्यकता अनुसार बस्ने र दुई बैठक बिचको अन्तर ६ महिना भन्दा बढी नहुने व्यवस्था छ। आर्थिक वर्ष २०७७।७८ को अवधिमा ३ पटक बैठक बसी १६ वटा निर्णयहरू लिइएका छन्। आयोगका बैठकमा भएका मुख्य निर्णयका विषयहरू देहाय अनुसार रहेको छ :

- चिकित्सा शिक्षा अन्तर्गत स्नातक र स्नातकोत्तर तहको शुल्क निर्धारण
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ संशोधन सिफारीस
- आयोगको आन्तरिक कोषको लेखा परीक्षण
- एकीकृत प्रवेश परीक्षा सञ्चालन तथा व्यवस्थापन
- स्नातकोत्तर तहको चिकित्सा शिक्षाका विभिन्न विषय एवम् कार्यक्रमको सिट निर्धारण
- चिकित्सा शिक्षा आयोगको प्रिफ्याब भवन निर्माण
- आन्तरिक कार्यविधि स्वीकृति
- सार्वजनिक शिक्षण सस्थालाई उपलव्ध गराउने एकमुष्ठ अनुदान
- आयोगको वार्षिक आय व्याय एवम् कार्यक्रम तथा बजेट
- प्रमाण पत्रतह र सो भन्दा तलका चिकित्सा शिक्षाका कार्यक्रम
- आयोगको सङ्गठन संरचना र दरवन्दी तेरिज

माथि उल्लिखित विषय क्षेत्रमा आयोगबाट भएको निर्णय अनुरूप चिकित्सा शिक्षा आयोगले प्रभावकारी कार्यान्वयन व्यवस्था गरेको छ। यस आयोगले गरेका मुख्य मुख्य कार्यान्वयन सम्बन्धी विषय देहाय अनुसार प्रस्तुत गरिएको छ :

- चिकित्सा शिक्षा क्षेत्रमा विगतको शुल्क सम्बन्धी विवादहरू रहेकोमा आयोगले बैज्ञानिक ढङ्गबाट शुल्क निर्धारण गर्न विज्ञ सम्मिलित कार्यदल गठन गरी अध्ययन गरेको। कार्यदलले पेस गरेको सिफारिसका आधारमा चिकित्सा शिक्षा आयोगको बैठकबाट शैक्षिक सत्र २०७७\०७८ को लागि शुल्क निर्धारण भएको।
- चिकित्सा शिक्षासँग सम्बन्धित विभिन्न गुनासाहरूको बारेमा सरोकारवाला विज्ञहरूसँग आवश्यकता अनुसार अन्तरक्रिया र छलफल गरी समाधान गरिएको।
- स्नातकोत्तर र स्नातक तहको एकीकृत प्रवेश परीक्षाका लागि अनलाइन विधि प्रयोग गरिएको।
- आयोगका वैठकबाट निर्णय भएका विषयहरूको जानकारी सवै विश्वविद्यालय प्रतिष्ठान तथा शिक्षण सङ्स्थालाई दिई कार्यान्वयनमा लगिएको।
- शैक्षिक सत्र २०७७।७८ का लागि स्नातकोत्तर तह र स्नातक तहको सिट निर्धारण गरिएको।
- शिक्षा तर्फ स्नातक तहमा ७५ प्रतिशत छात्रवृत्तिमा छनौट भई अध्ययनरत विद्यार्थीहरूका लागि नेपाल सरकारबाट उपलब्ध गराउने अनुदान बापतको रकम ५२९ जनालाई दोस्रो किस्ता वापत रु ३५,४९,६७,१५० ।(पैतिस करोड

उनन्चास लाख सतसठ्ठी हजार एकसय पचास ) रकम सम्बन्धित शिक्षण सङ्स्थामा उपलब्ध गराइएको ।

- राष्ट्रिय चिकिकत्सा शिक्षा ऐन तथा नियमावलीको कार्यान्वयनका लागि विभिन्न ७ ओटा निर्देशिका, मापदण्ड र कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको ।
- चिकित्सा शिक्षा आयोगको प्रिफ्याब भवन निर्माण कार्य सम्पन्न भएको ।
- प्रमाण पत्रतह र सो भन्दा तलका चिकित्सा शिक्षाका कार्यक्रम सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँग नियमित समन्वय गरेको ।
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ को दफा १७ (१) बमोजिम शैक्षिक सत्र २०७६ ।७७ का लागि स्नातकोत्तर तह परीक्षा सञ्चालन भई म्याचिङ प्रणालीमार्फत् भर्ना प्रक्रिया सम्पन्न भएको ।
- शैक्षिक सत्र २०७७ /०७८ को लागि स्नातक तहका विभिन्न कार्यक्रमका लागि सिट निर्धारण गरी एकीकृत प्रवेश परीक्षाका लागि सूचना प्रकाशन, दरखास्त संकलन र रुजु सम्बन्धी काम सम्पन्न भएको ।
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ र नियमावली कार्यान्वयनका क्रममा देखा परेका कठिनाइहरू समाधानका लागि ऐन तथा नियमावलि संशोधन गर्न मस्यौदा तयार गरी स्वीकृतिका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारमा पेस गरिएकोमा नियमावलीमा संशोधान भई आएको । संशोधित नियमावलीमा स्नातक तहको सिट निर्धारणमा सैनिक कल्याणकारी कोष अन्तर्गत सञ्चालित चिकित्सा शिक्षा अध्ययन सङ्स्थानलाई कायम भएको सम्पूर्ण सिटको उनन्चास प्रतिशत सिटमा सैनिक कल्याणकारी कोष अन्तर्गत पढाउनु पर्ने विद्यार्थीका लागि सम्बन्धित सङ्स्थाले तोकेको समूहका लागि चिकित्सा शिक्षा आयोगले छट्टै योग्यता क्रमसूची कायम गर्ने र बाँकी रहेको एकाउन्न प्रतिशतलाई सतप्रतिशत मानि सोको पचहत्तर प्रतिशत छात्रवृत्ति प्रयोजनका लागि सरकारलाई उपलब्ध हुने र पच्चीस प्रतिशत खुला सिटका रूपमा रहने व्यवस्था कायम भएको ।
- यसमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को ऐनको दफा ४४ (१) मा ऐन प्रारम्भ हुनु भन्दा अघि आफ्नो अस्पताल सञ्चालन नभए पनि शैक्षिक कार्यक्रम सञ्चालन गरेका शिक्षण सङ्स्थाले ऐन प्रारम्भ भएको २ वर्षभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिम अस्पताल सञ्चालनमा ल्याउनु पर्ने छ भन्ने व्यवस्था भए बमोजिम सम्बन्धित शिक्षण सङ्स्थालाई निर्देशन दिइएको । सिट निर्धारणका क्रममा मापदण्ड पूरा भएका शिक्षण सङ्स्थामा मात्र शैक्षिक सत्र २०७७\०७८ का लागि सिट उपलब्ध गराइएको । सार्वजनिक शिक्षण सङ्स्थाको नर्सिङ्ग विषयको हकमा भने सार्वजनिक अस्पताललाई प्रयोगात्मक सिकाइका लागि प्रयोग गर्ने गरी शैक्षिक सिट उपलब्ध गराइएको ।
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ३१ बमोजिम आयोगको सङ्गठनात्मक संरचना र कर्मचारी दरबन्दी स्वीकृतका लागि कार्यदल गठन भई प्रतिवेदन तयार भएको ।

## ३.२ कार्यकारी समितिको निर्णय तथा निर्णय कार्यान्वयन अवस्था

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ८ को उपदफा (१) मा आयोगको कार्यकारी निकायका रूपमा काम गर्ने आयोगको उपाध्यक्षको अध्यक्षतामा एक कार्यकारी समित रहने व्यवस्था छ । आयोगको नीतिगत मार्गदर्शनमा रहेर कार्यकारी समितिले काम गर्दै आएको छ । कार्यकारी समितिले आफ्नो क्षेत्राधिकारभित्र रहेर तीन किसिमका निर्णय गरेको छ । पहिलोमा नीतिगत निर्णय गरी निर्णयलाई निर्देशनालय, बोर्ड र सचिवालयमार्फत् कार्यान्वयन गराएको, दोस्रो सचिवालय, बोर्ड र निर्देशनालयले सम्पादन गरेका स्वीकृत गर्ने र तत्काल आइपरेका र नीतिगत प्रष्टता आवश्यक परेका विषयमा आयोगको बैठक समक्ष एजेण्डाका रूपमा सिफारिस गर्ने । समितिले गत आर्थिक वर्षमा ६१ ओटा बैठकमार्फत् १९६ ओटा निर्णय गरेको

छ । समितिका प्रमुख निर्णयहरूमा चिकित्सा शिक्षाको स्नातकोत्तर र स्नातक तहका कार्यक्रमको सिट निर्धारण, एकीकृत प्रवेश परीक्षा व्यवस्थापन र सञ्चालन, म्याचिङ्ग प्रणाली निर्माण र विद्यार्थी भर्ना, स्नातक तहका विद्यार्थीलाई अध्यापन गराए बापत सार्वजनिक शिक्षण सङ्स्थाहरूलाई छात्रवृत्ति अनुदान प्रदान, वैदेशिक तालिम तथा अध्ययनमा जाने विद्यार्थिका लागि Eligibility प्रदान गर्ने आधार निर्धारण, शिक्षण सङ्स्थामा न्यूनतम मापदण्ड पूरा गरी गुणस्तर कायम गरेको सुनिश्चता गर्नका लागि अनुगमनाका मापदण्ड र साधनहरूको निर्धारण, आयोगको आन्तरिक कोष सञ्चालनका लागि विधि तथा प्रकृया सञ्चालन, आयोगका लागि वार्षिक कार्यक्रम तथा बजेट तयारी, प्रतिवेदन स्वीकृत तथा नेपाल सरकार समक्ष पेस, कोभिड महामारीका समयमा अनलाइन शिक्षण सिकाइ प्रकृया सम्बन्धमा शिक्षण सङ्स्थाको अनलाइनबाट अन्तरक्रिया तथा छलफलमार्फत् अनुगमन र निर्देशन र आवश्यकतानुसार विभिन्न विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण सङ्स्थाहरू बीचमा समन्वय, सहजिकरण र निर्देशन दिने लगायत आयोगको नियमित कार्यसम्पादन सम्बन्धी रहेका छन् ।

## ३.३ ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड

### *३.३.१ राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सशोधनका लागि प्रेषित सुझाव*

चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, सङ्स्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी सवै तह र तप्काका विद्यार्थिहरूको समान पहुँच सुनिश्चित गरी चिकित्सा शिक्षा सुधार गर्नका राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ जारी भएको । उक्त ऐनलाई समसामयिक रूपमा संशोधनका लागि आयोगले सुझाव कार्यदल बनाई सोका सिफारिस समेतका आधारमा देहाय अनुसारको संशोधन सुझाव प्रस्ताव गरिएको थियो :

तालिका न. २

**ऐन संशोधन सुझाव**

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| १ | परिच्छेद १ परिभाषा खण्डको (थ) | शिक्षण शुल्क भन्नाले शिक्षण सङ्स्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना शिक्षण ल्याब पुस्तकालय सामुदायिक तालिम वा परीक्षा शुल्क सम्झनु पर्छ र सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण सङ्स्थाले लिने अन्य शुल्कलाई समेत जनाउँछ । | शिक्षण शुल्क भन्नाले शिक्षण सङ्स्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम र परीक्षा शुल्क सम्झनु पर्छ । | परिभाषा स्पष्ट नभएकोले वा को ठाउँमा र राखिएको । |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| २ | परिच्छेद ३ दफा ५ आयोगको गठनको (घ) | चिकित्सा क्षेत्रका विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरू मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एक जना - उपाध्यक्ष | चिकित्सा क्षेत्रका विशिष्ट योगदान पुऱ्याएका चिकित्सा शिक्षा विज्ञ मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एक जना - उपाध्यक्ष | चिकित्सक मात्र भएकाले चिकित्सा विज्ञ बनाइएको। |
| ३ | परिच्छेद ३ दफा ५ आयोगको गठनको (त) | स्वास्थ्य सम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङ् लगायतका आधिकारिक पेशागत सङ्गठनका अध्यक्षहरू मध्येबाट कम्तिमा एकजना महिलासहित २ जना सदस्य | स्वास्थ्य शिक्षा सम्बन्धी राष्ट्रिय तहका आधिकारिक पेशागत सङ्गठनका अध्यक्षहरू मध्येबाट कम्तीमा एकजना महिला सहित २ जना सदस्य। | भाषागत रूपमा स्पष्ट गरिएको। |
| ४ | परिच्छेद ३ दफा ६ को आयोगको काम कर्तव्य र अधिकार | (ठ) मा भएको व्यवस्थालाई (ड) मा सारी (ठ) मा थप गर्नु पर्ने। | (ठ)आयोगका कार्य सञ्चालनका लागि ऐनको प्रावधानको प्रतिकुल नहुने गरी नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्ने। | आयोग एक स्वायत्त सङ्स्था भएकोले आयोगका कार्य सञ्चालन गर्न आवश्यक पर्ने नियमावली निर्देशिका र कार्यविधि आवश्यकता अनुसार तत्काल बनाई कार्यान्वयनमा लान जरुरी भएको। |
| ५ | परिच्छेद ४ दफा ९ को झ | शिक्षण सङ्स्थाको विद्यार्थी सिट संख्या, शिक्षण शुल्क र सम्बन्धन सम्बन्धी विषयमा आयोग समक्ष सिफारिस गर्ने। | शिक्षण सङ्स्थाको विद्यार्थी सिट संख्या तोक्ने तथा शिक्षण शुल्क र सम्बन्धन सम्बन्धी विषयमा आयोग समक्ष सिफारिस गर्ने। | सिट संख्या तोक्ने कार्य आयोगमा लान व्यवहारीक नभएकोले कार्यकारी समितिले तोक्न सक्ने व्यवस्था गरिएको। |
| ६ | परिच्छेद ५ दफा १३ को उपदफा ६ | आयोगले निर्णय गर्दा यस ऐनको कुने पनि कुराले बाधा पुग्ने छैन। | (हटाउने) | माथि स्पष्ट भइसकेकोले लेखिरहन नपर्ने। |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| ७ | परिछच्छेद ५ को दफा १५ (५) | परिषदले सञ्चालन गरेका प्रमाण पत्र भन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी कुनै पनि प्राविधिक कार्यक्रमहरू तोकिए बमोजिम हटाउने (फेजआउट) र तोकेको मापदण्ड बमोजिम स्तरोन्नति(अपग्रेडल)गरिने छ। | परिषदले सञ्चालन गरेका प्रमाणपत्र भन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रमहरू तोकिए बमोजिम स्तरोन्नति गर्न सकिने छ। | मापदण्ड पुगेकाको हकमा स्तरोन्नति गर्न आवश्यक भएकोले। |
| ८ | परिच्छेद ६ दफा १६ (२) | नेपालबाट अन्य मुलुकमा उच्च शिक्षा अध्ययन गर्न जाने व्यक्तिले उपदफा १ बमोजिमको प्रवेश परीक्षा उत्तीर्ण गरेको र नेपालका शिक्षण सङ्स्थामा उच्च शिक्षा अध्ययन गर्न चाहाने विदेशी व्यक्तिले आयोगले तोकेको विषयमा आयोगले तोकेको न्यूनतम प्रतिशत प्राप्त गरेको हुनु पर्ने छ। | नेपालबाट अन्य मुलुकमा उच्च शिक्षा अध्ययन गर्न जाने व्यक्तिले उपदफा १ बमोजिमको प्रवेश परीक्षा उत्तीर्ण गरेको र नेपालका शिक्षण सङ्स्थामा उच्च शिक्षा अध्ययन गर्न चाहाने विदेशी व्यक्तिले आयोगले तोकेको प्रवेश परीक्षामा तोकेको न्यूनतम प्रतिशत प्राप्त गरेको हुनु पर्ने छ। | स्पष्ट गरिएको। |
| ९ | परिच्छेद ६ दफा १६ (४) | उपदफा ३ बमोजिम योग्यताक्रमको सूची तयार गर्दा स्नातक तहभन्दा माथिको तोकिएको दुर्गम क्षेत्रमा सेवा गरेका चिकित्सकलाई तोकिए बमोजिमको प्रतिशतमा र अङ्कभार प्रदान गरी योग्यताको सूची तयार गरिने छ। | उपदफा ३ बमोजिम स्नातक तहभन्दा माथिको तहको लागि योग्यताक्रमको सूची तयार गर्दा तोकिएको दुर्गम क्षेत्रमा स्वीकृत सरकारी दरबन्दीमा सेवा गरेका स्थायी वा करारसेवाका चिकित्सक वा स्वास्थ्य कर्मीलाई तोकिए बमोजिमको प्रतिशतमा र अङ्कभार प्रदान गरी योग्यताको सूची तयार गरिने छ। | सरकारी सेवामा रहेकालाई मात्र दुर्गम क्षेत्रको अङ्कभार प्रदान गर्ने व्यवस्था गर्न उचित भएकाले। |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| १० | परिच्छेद ६ दफा १७ विद्यार्थी भर्ना र शैक्षिक क्यालेन्डर(१) | आयोगले प्रत्येक वर्ष तोकिए बमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय प्रतिष्ठान तथा अन्य शिक्षण सङ्स्थाको लागि निश्चित सिट संख्या तोक्ने छ। | आयोगले प्रत्येक वर्ष तोकिए बमोजिमको मापदण्ड अनुसार विश्वविद्यालय प्रतिष्ठान र परिषदको सिफारिस समेतका आधारमा निश्चित सिट संख्या तोक्ने छ। | विश्वविद्यालय प्रतिष्ठान र परिषद समेतको संलग्नतामा सिट निर्धारण गर्न उपयुक्त देखिएकाले। |
| ११ | परिच्छेद ६ दफा १७ विद्यार्थी भर्ना र शैक्षिक क्यालेन्डर | विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाले विद्यार्थी भर्ना गर्दा दफा १६ बमोजिमको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ। तर नेपाल सरकारलाई उपलव्ध गराइएको छात्रवृत्ति र आरक्षण गरिएको सिटमा भर्ना गर्दा त्यस्तो सिटको लागि सिफारिस गरिएका व्यक्तिलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ। | (हटाउने) | आवश्यक दोहोरो परेको र आवश्यक नदेखिएकोले हटाइएको। |
| १२ | परिच्छेद ६ दफा १७ (३) | विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाले प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीहरूलाई म्याचिङ्ग प्रणाली अनुरूप भर्ना गर्नु पर्नेछ। | विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाले प्रवेश परीक्षाबाट योग्यताक्रमका आधारमा छनोट भई आयोगले पठाएको सूची अनुसारका विद्यार्थीहरूलाई भर्ना गर्नु पर्नेछ। | भर्नाका लागि म्याचिङ गर्ने कार्य आयोगको भएकाले सच्याइएको। |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| १३ | परिच्छेद ६ दफा १७ (४) | स्वदेशी लगानीबाट सञ्चालित कलेजहरूले कुल सिट संख्याको कम्तीमा १० प्रतिशत र नेपाली र विदेशीको संयुक्त लगानी वा विदेशीको लगानीमा संचालित शिक्षण सङ्स्थाले कुल सिट संख्याको कम्तीमा २० प्रतिशत सिट निशुल्क छात्रवृत्तिका रूपमा नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने। | स्वदेशी लगानीबाट सञ्चालित कलेजहरूले स्नातक तहको लागि कुल सिट संख्याको कम्तीमा १० प्रतिशत र नेपाली र विदेशीको संयुक्त लगानी वा विदेशीको लगानीमा संचालित शिक्षण सङ्स्थाले कुल सिट संख्याको कम्तीमा २० प्रतिशत सिट निशुल्क छात्रवृत्तिका रूपमा नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने। | तह नखुलेको कारण तह खुलाइएको। स्नात्तकोत्तर तहमा यो प्रतिशतमा सिट उपलब्ध गराउन संभव नहुने। विषयगत रूपमा प्रतिशत समेत कायम गर्न नसकिने अवस्था। सरकारी शिक्षण सङ्स्थामा नेपाली विद्यार्थीका लागि निशुल्क हुने स्नातकोत्तर तहमा यो जरुरी नभएकाले सच्याइएको। |
| १४ | परिच्छेद ६ दफा १७ (८) | उपदफा (७) बमोजिम निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण सङ्स्थालाई एकमुष्ठ अनुदान प्रदान गर्नेछ। | उपदफा (७) बमोजिम निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण सङ्स्थालाई विद्यार्थी संख्या तथा तोकिएको शुल्कका आधारमा एकमुष्ठ अनुदान प्रदान गर्नेछ। | भाषागत स्पष्टता गरिएको साथै अनुदानका लागि आधार तयार गरिएको। |
| १५ | परिच्छेद ७ दफा १८ (२) (ख) | सार्वजनिक शिक्षण सङ्स्थामा आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल)अध्ययन गर्दा नेपाली विद्यार्थीलाई शिक्षण शुल्क लिइने छैन र त्यस्ता विद्यार्थीलाई समुचित निर्वाहा भत्ता सम्बन्धित शिक्षण सङ्स्थाले उपलब्ध गराउने छ। | सार्वजनिक शिक्षण सङ्स्थामा आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल) अध्ययन गर्दा नेपाली विद्यार्थीलाई शिक्षण शुल्क लिइने छैन र त्यस्ता विद्यार्थीलाई निर्बाह भत्ता बापतको रकम नेपाल सरकारले अनुदानका रूपमा उपलब्ध गराउने छ। | शुल्क लिन पनि नपाइने र निर्बाह भत्ता समेत उपलब्ध गराउन शिक्षण सङ्स्था असक्षम भई शिक्षण सङ्स्था सञ्चालनमा गाह्रो देखिएकोले थप व्यवस्था गर्नु परेको। |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| १६ | परिच्छेद ७ दफा १८ (२) (ग) | सम्बन्धित शिक्षण सङ्स्था अन्तर्गत अध्ययनका लागि नर्सिङ, आयुर्वेद लगायत अन्य चिकित्सा शिक्षा विधाका विषयहरूमा लिइने शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | (हटाउने) | यसै दफाको ३ सँग बाझिएकाले |
| १७ | परिच्छेद ८ दफा १९ (३) | आयोगले विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाबाट प्रदान गरिने उपाधिलाई एकरूपता कायम गर्नेछ । | आयोगले विश्वविद्यालय, प्रतिष्ठान र परिषदबाट प्रदान गरिने उपाधिलाई एकरूपता कायम गर्नेछ । | परिषद छुटेको कारण समावेश गरेको । |
| १८ | परिच्छेद ८ दफा २०. | सङ्स्थागत जवाफदेहीः (१) प्रत्येक विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाले आयोगको सिफारिसमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको कम्तीमा एउटा जिल्लामा सेवा क्षेत्रको रूपमा काम गर्नु पर्नेछ । | सङ्स्थागत जवाफदेहीः (१) प्रत्येक विश्वविद्यालय, प्रतिष्ठान र परिषदले आयोगको सिफारिसमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको कम्तीमा एउटा जिल्लामा रहेको जिल्ला अस्पतालसँगको समन्वयमा आवासीय सामुदायिक प्रशिक्षण केन्द्र स्थापना गरी काम गर्नु पर्नेछ । | थप स्पष्ट बनाएको । |
| १९ | परिच्छेद ९ दफा २३ (ग) | चिकित्सा क्षेत्रका प्राध्यापकहरू मध्येबाट नेपाल सरकारले तोकेको महिला एक जना - सदस्य | चिकित्सा क्षेत्रका प्राध्यापकहरू मध्येबाट नेपाल सरकारले तोकेको एक जना महिला सहित दुई जना – सदस्य | सदस्यता थप सहित भाषा सच्याइएको |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| २० | परिच्छेद ९ दफा २४ | सिफारिसका आधार १ को (क) मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव भएको, | सिफारिसका आधार १ को (क) मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको प्राध्यापन अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको प्राध्यापन अनुभव सहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव भएको न्यूनतम योग्यता भएको र | योग्यतालाई क देखि छ सम्म उल्लेख गरेकोले वान्छनीय योग्यता स्पष्ट पारिएको । |
| २१ | दफा २४ को (२) | प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षण सङ्स्था वा अन्य कुनै सेवाको बहालवाला व्यक्ति वा पदाधिकारी उपाध्यक्ष पदमा नियुक्ति भएमा त्यसरी नियुक्ति भएको मितिभन्दा अगाडि बहाल रहेको पदबाट निज स्वतः पद मुक्त भएको मानिनेछ । | (हटाउने ) | आयोगका उपाध्यक्ष भइसकेको व्यक्ति पुन आफ्नो पदमा फर्कन सक्ने व्यवस्था राख्न उपयुक्त भएकाले |
| २२ | दफा २५ (च) | पैँतालीस वर्ष उमेर पूरा नभएको | पैँतालीस वर्ष उमेर पूरा नभएको र नियुक्ति हुँदाका बखत ६५ वर्ष उमेर ननाघेको | विज्ञताको सेवा भएकाले नियुक्तिका बखत ६५ भित्र भए हुने । |
| २३ | दफा २६ (घ) | निजको उमेर पैंसठी वर्ष पूरा भएमा | (हटाउने ) | विज्ञताको क्षेत्र भएकाले ६५ वर्षको बन्देज हटाउन उपयुक्त भएको |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| २४ | परिच्छेद ९ दफा २९ उपदफा (८) | उपदफा (६) बमोजिमको समितिले निर्देशनालय वा बोर्डको कामसँग सम्बन्धित दक्षता र कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव भएको, उत्कृष्ट व्यवस्थापकीय सिप तथा कौशल, स्वच्छ छवि र व्यावसायिकता भएका व्यक्तिहरूमध्येबाट उपयुक्त व्यक्तिलाई निर्देशक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ। | उपदफा (६) बमोजिमको समितिले निर्देशनालय वा बोर्डको कामसँग सम्बन्धित दक्षता र कम्तीमा पन्ध्र वर्षको प्राध्यापन अनुभव प्राप्त वा नेपाल सरकारको स्वास्थ्य विधामा विशिष्ट श्रेणीको पदमा अनुभव भएको, उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल, स्वच्छ छवि र व्यावसायिकता भएका स्वास्थ्यकर्मीहरूमध्येबाट उपयुक्त व्यक्तिलाई निर्देशक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ। | नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव भएको,भनिएकोमा स्वास्थ्य क्षेत्रको विषय भएकाले स्वास्थ्य क्षेत्रको विज्ञ चाहिने हुँदा स्वास्थ्य विज्ञ कायम गर्न आवश्यक देखिएको। |
| २५ | परिच्छेद ९ दफा ३१ (१) | आयोगको सङ्गठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ। | आयोगको सङ्गठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा आयोग आफैले स्वीकृत गरे बमोजिम हुनेछ। | आयोग आफैमा स्वायत्त भएको र आफूलाई आवश्यक पर्ने कर्मचारीको सङ्गठनात्मक संरचना आयोगलाई नै दिन उपयुक्त हुने भएकोले। |
| २६ | परिच्छेद १० दफा ३३ को उपदफा (३) | शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले आयोगको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र अन्य नगदी तथा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्ने छ। | (हटाउने) | आयोगले आन्तरीक लेखा परीक्षणको व्यवस्था आफै गर्ने र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गर्ने भएको र स्वायत्त निकायमा मन्त्रालय विशेषले आयोगको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र अन्य नगदी तथा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्ने व्यवस्था हुन जरुरी नभएको। |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| २७ | परिच्छेद ११ दफा ३४ | निरीक्षण गर्न सक्ने: (१) आयोगले आवश्यकता अनुसार चिकित्सासँग सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान र काउन्सिल वा शिक्षण सङ्स्थाको निरीक्षण गर्न सक्नेछ। | निरीक्षण गर्न सक्ने: (१) आयोगले आवश्यकता अनुसार चिकित्सासँग सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान, परिषद र शिक्षण सङ्स्थाले सञ्चालन गरेका कार्यक्रमको निरीक्षण गर्न सक्नेछ। | परिषद उल्लेख नभएकाले थप गरिएको र काउन्सिल हटाइएको। |
| २८ | परिच्छेद ११ दफा ४० | सिट आरक्षण: चिकित्सा शिक्षा अध्ययनका लागि शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार, द्वन्द्व पीडित, महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र समेतलाई आयोगले तोके बमोजिमको सिट आरक्षण गर्नेछ। | परिच्छेद ११ दफा ४० सिट आरक्षण: स्नातक तहमा चिकित्सा शिक्षा अध्ययनका लागि शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार, द्वन्द्व पीडित, महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र समेतलाई आयोगले तोके बमोजिमको सिट आरक्षण गर्नेछ। | चिकित्सा शिक्षा प्राविधिक विषय भएको र एक तहमा आरक्षण भएपछि माथिल्ला तहमा क्षमताका आधारमा जाने भएकोले स्नातक तहमा मात्र यो व्यवस्था लागु हुन उपयुक्त भएकोले। |
| २९ | परिच्छेद ११ दफा ४४ | ४४ (१) पछि (१) (क) थप गर्ने | दफा ४४ (१) (क) हाल सञ्चालनमा रहेका सार्वजनिक नर्सिङ् शिक्षण सङ्स्थाको हकमा मापदण्ड पुगेका सार्वजनिक अस्पतालसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन। निजी कार्यक्रमको हकमा आफ्नो अस्पताल बनाउने समयावधि पाँच वर्ष थप हुने। | सार्वजनिक सङ्स्थाले सार्वजनिक सङ्स्थासँग सम्झौतामा काम गर्न सक्ने व्यवस्था गर्न उचित भएकोले। |

| सि.नं | परिच्छेद दफा तथा उपदफा | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| ३० | परिच्छेद ११ दफा ५२ | नेपाल सरकारसँग सम्पर्कः आयोगले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय मार्फत राख्नेछ। | नेपाल सरकारसँग सम्पर्कः आयोगले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा प्रधानमन्त्री कार्यालयमार्फत् राख्नेछ। | प्रधानमन्त्री नै अध्यक्ष भएको र स्वास्थ्य र शिक्षाको समान संलग्नता हुने भएकाले। |
| ३१ | परिच्छेद ११ दफा ५४ | नियम बनाउने अधिकारः नेपाल सरकारले आयोगसँग परामर्श गरी यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ। | नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनका लागि आयोग आफैंले आवश्यक नियम बनाउन सक्नेछ। | आवश्यक नियम बनाउने स्वायत्ता आयोगलाई दिन उपयुक्त देखिएकाले। |
| ३२ | परिच्छेद ११ दफा ५४ (क) | दफा थप गरिएको | दफा ५४ (क) (१) समकक्षता सम्बन्धी व्यवस्था : स्नातक तह तथा सो भन्दा माथिका चिकित्सा शिक्षाका सवै विषय र विधाहरूको शैक्षिक योग्यता सम्बन्धी समकक्षताको कार्य आयोगबाट हुने छ।<br>२. देशभित्र प्रचलित कानुन बमोजिम स्वीकृत प्राप्त सङ्स्थाबाट प्राप्त योग्यताको हकमा समकक्षता गराउनु पर्ने छैन। | समकक्षता सम्बन्धी व्यवस्था नभएकोले थप गरिएको। |

### *३.३.२ राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ संशोधनका लागि सुझाव*

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा उल्लेखित प्रावधानलाई थप व्याख्या एवम् स्पष्ट गर्नका लागि ऐनको दफा ५४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ जारी गरिएको छ। नियमावलीमा समसामयिक सुधार गर्नका लागि आयोगको तर्फबाट देहाय अनुसारको संशोधन सुझाव प्रस्तुत गरिएको थियो।

तालिका न.३

## नियमावली संशोधन सुझाव

| सिन | नियम उपनियम | नियमावलीमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| १ | नियम ९ | ९ (क) थप गर्ने | ९ (क) परिषदले सञ्चालन गरेका प्रमाणपत्रभन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रमहरू मापदण्ड पूरा गरेका र स्तरोन्नति गर्नेका लागि उपयुक्त भएकाको हकमा आयोगले परिषद्सँगको समन्वयमा छुट्टै कार्यविधि बनाई लागु गर्ने छ। | ऐनमा तोकिए बमोजिम भनिएको तर नियमावलीमा व्यवस्था नभएकाले थप गरिएको। |
| २ | नियम ११ को १ | सार्वजनिक शिक्षण सङ्स्थाले स्नातक तहको कुल सिटको पचहत्तर प्रतिशत सिट ऐनको दफा १७ को उपदफा ७ बमोजिम छात्रवृत्तिका लागि छुट्याई बाँकी रहेको पच्चीस प्रतिशत सिटलाई सत प्रतिशत कायम गरी त्यसको एकतिहाइ सिट विदेशी विद्यार्थीको लागि छुट्याउनु पर्नेछ। | सार्वजनिक शिक्षण सङ्स्थाले स्नातक तहको कुल सिटको पचहत्तर प्रतिशत सिट ऐनको दफा १७ को उपदफा ७ बमोजिम छात्रवृत्तिका लागि छुट्याई बाँकी रहेको पच्चीस प्रतिशत सिटमा आयोगको पूर्व स्वीकृतिमा सम्बन्धित शिक्षण सङ्स्थाले विदेशी र नेपाली विद्यार्थी लगायतलाई सिट सङ्ख्या छुट्याउने छन् र आयोगले मेरिट लिष्टको आधारमा भर्ना गर्ने छ। | व्याख्यालाई स्पष्ट गरिएको। |
| ३ | नियम १६ | दुर्गम क्षेत्रमा सेवा गरेवापतको अङ्कभार (१) स्नातकोत्तर तहको लागि लिइएको एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कमा देहाय बमोजिम अनुभव वापतको अधिकतम १० अङ्क जोडी योग्यताक्रमको सूची कायम गरिने छ। | नियम १६ दुर्गम क्षेत्रमा सेवा गरेवापतको अङ्कभार (१) स्नातकोत्तर तहको लागि लिइएको एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कमा दुर्गम क्षेत्रमा सेवा गरेवापतको अंकगणना प्रयोजनका लागि नेपाल सरकारको स्वीकृत दरबन्दीमा स्थायी वा करारमा सेवा गरेको उम्मेदवारलाई देहाय बमोजिम अनुभव वापतको अधिकतम १० अङ्क जोडी योग्यताक्रमको सूची कायम गरिने छ। | नेपाल सरकारको स्वीकृत दरबन्दीमा स्थायी वा करारमा सेवा गरेको उम्मेदवारलाई मात्र अनुभव वापतको अङ्क दिन उपयुक्त भएको। |

| सिन | नियम उपनियम | नियमावलीमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| ४ | नियम १७ | स्नातकोत्तर तहमा विद्यार्थी छनोट<br>(१) स्नातकोत्तर तहमा देहाय बमोजिम विद्यार्थी छनौट गरिने छ।<br>(क) खुला प्रतियोगिताबाट पचास प्रतिशत<br>(ख) सरकारी सेवामा कार्यरत व्यक्तिबाट चालीस प्रतिशत<br>विदेशी विद्यार्थीबाट दश प्रतिशत<br>स्पष्टीकरण: यस नियमको प्रयोजनका लागि सरकारी सेवामा कार्यरत भन्नाले नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थायी अस्थायी वा करारमा नियुक्ति पाइ कार्यारत व्यक्ति सरकारी विश्वविद्यालय प्रतिष्ठान तथा शिक्षण सङ्स्था विकास समिति ऐन २०१३ बमोजिम गठित वा नेपाल सरकार वा प्रदेश सरकारबाट अनुदान प्राप्त प्रचलित कानुन बमोजिम स्थापित सार्वजनिक शिक्षण सङ्स्था वा अस्पतालमा स्थायी रूपमा कार्यरत व्यक्ति सम्झनु पर्छ। | स्नातकोत्तर तहमा विद्यार्थी छनोट :<br>(१) स्नातकोत्तर तहको सार्वजनिक शिक्षण सङ्स्थामा देहाय बमोजिम विद्यार्थी छनौट गरीने छ।<br>(क) खुला प्रतियोगिताबाट सत्तरी प्रतिशत<br>(ख) सङ्घीय वा प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थायी नियुक्ति पाई कार्यरत व्यक्तिबाट वीस प्रतिशत<br>(ग) विदेशी विद्यार्थीबाट दश प्रतिशत<br>स्पष्टीकरण : निजी शिक्षण सङ्स्थाको हकमा उपदफा १ (ख) बमोजिमको सिट १ (क) मा समाहित हुने छ। | करार सेवामा रहेकालाई सरकारी चिकित्सक सरह मानी सरकारी कोटामा राख्न उचित नहुने भएकाले। |
| ५ | नियम २२ (५) | कुनै व्यक्ति छात्रवृत्तिमा मनोनयन भई अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरी रहेको अवस्थामा कबुलियतनामा बमोजिम एक वर्षभन्दा बढी सेवा अवधि पूरा भएपछि लोक सेवा आयोग वा अन्य कुनै सरकारी सङ्स्थाबाट लिइने परीक्षामा उम्मेदवार हुन सक्ने छ। | कुनै व्यक्ति छात्रवृत्तिमा मनोनयन भई अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरी रहेको अवस्थामा कबुलियतनामा बमोजिम एक वर्ष भन्दा बढी सेवा अवधि पूरा भएपछि लोक सेवा आयोग वा अन्य कुनै सरकारी सङ्स्थाबाट लिइने परीक्षामा उम्मेदवार हुन सक्ने छ। उच्च अध्ययनका लागि परीक्षामा समावेश हुन नियम २२ (४) को अवधि भुक्तान भएको हुनु पर्ने छ। | सरकारी छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीले कबुलियतनामा बमोजिम सरकारलाई सेवा दिन पर्ने अनिवार्य व्यवस्था गर्नु पर्ने भएकाले। |

| सिन | नियम उपनियम | नियमावलीमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नु पर्ने औचित्य |
|---|---|---|---|---|
| ६ | नियम ४५ पछि ४५ (क) | थप गर्ने | ४५ (क) सिट निर्धारण सम्बन्धी विशेष व्यवस्था : स्नातक तहको सिट निर्धारणमा सैनिक कल्याणकारी कोष अन्तर्गत सञ्चालित चिकित्सा शिक्षा अध्ययन सङ्स्थानलाई नियमानुसार सार्वजनिक शिक्षण सङ्स्थाले सरकारलाई उपलब्ध गराउने सिट सङ्ख्याभन्दा बाहेकका सिटमा चिकित्सा शिक्षा आयोगले छुट्टै मेरिट लिष्ट कायम गर्ने छ । सार्वजनिक शिक्षण सङ्स्थाले छात्रवृत्तिका लागि उपलब्ध गराएको सिट संख्या बाहेकका सिटमा आयोग को पूर्व स्वीकृतिमा सम्बन्धित शिक्षण सङ्स्थाले विदेशी र नेपाली विद्यार्थी लगायतलाई सिट संख्या छुट्याउने छन् र आयोगले मेरिट लिष्टका आधारमा भर्ना गर्ने छ । नेपाल सरकार र विदेशी मुलुकको सरकार बिच भएका सम्झौता अनुसारका सिट छात्रवृत्ति तर्फका सिटमा समावेश हुने छ। | नियमावलीमा व्यवस्था नभएकाले सैनिक कल्याणकारी कोष अन्तर्गत र नेपाल सरकार र विदेशी मुलुकको सरकार बिच भएका सम्झौता अनुसारका सिटको व्यवस्थापन गर्नु परेकाले। |
| ७ | नियम ४६ (क) | थप गर्ने | ४६ (क) शैक्षिक ऋण सम्बन्धी व्यवस्था : चिकित्सा शिक्षा आयोगको एकीकृत परीक्षाको योग्यताक्रमको सूचीमा परेका आर्थिक रूपले विपन्न जेहेन्दार विद्यार्थीलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न आयोगले नेपाल सरकार अर्थ मन्त्रालयको सहमतिमा निर्देशिका जारी गरी कार्यान्वयन गर्ने छ। | नियमावलीमा व्यवस्था नभएकाले थप गरिएको। |

### ३.३.३ चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ३२ बमोजिम चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यलाई सरल, मितव्ययी र प्रभावकारी बनाई आयोगको आर्थिक प्रशासनलाई व्यवस्थित तथा पारदर्शी बनाउनका लागि चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

### ३.३.४ चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७७

चिकित्सा शिक्षा विषयमा स्नातक,स्नातकोत्तर तह,फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि विदेशमा जाने विद्यार्थीको योग्यता निर्धारण गरी अनुमति पत्र दिने प्रयोजनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १६ को उपदफा ५ को खण्ड (क) तथा नियमावली २०७७ को नियम २७ को खण्ड (छ) मा भएको व्यवस्था कार्यान्वयनका लागि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

### ३.३.५ चिकित्सा शिक्षासम्बन्धी प्रमाणपत्र तहभन्दा मुनिका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका सङ्स्थाको स्तरोन्नतिसम्वन्धी मापदण्ड, २०७७

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १५ को उपदफा ५ मा व्यवस्था भएवमोजिम प्रमाणपत्र तहभन्दा मुनिका स्वास्थ्य शिक्षासम्वन्धी कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका सङ्स्थाको फेजआउट वा स्तरोन्नति सम्वन्धी कार्य गर्न स्तरोन्नतिसम्वन्धी मापदण्ड, २०७७ तर्जुमा गरी कार्यान्वयमा ल्याइएको छ।

### ३.३.६ चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७

स्वदेश वा विदेशमा चिकित्सा शिक्षाअन्तर्गतका सवै विधा र तहका कार्यक्रमहरूमा अध्ययनका लागि भर्ना हुन चाहने विद्यार्थी छनौट गर्न लिइने एकीकृत प्रवेश परीक्षालाई गुणस्तरीय,मर्यादित र व्यवस्थित बनाउनका लागि चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

### ३.३.७ चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणाली सम्वन्धी कार्यविधि, २०७८

चिकित्सा शिक्षाको क्षेत्रमा स्वदेश तथा विदेशबाट प्राप्त हुने छात्रवृत्ति र स्वदेशका शिक्षण सङ्स्थामा नि:शुल्क वा स:शुल्क अध्ययनका लागि निर्धारित सिटमा विद्यार्थी भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा म्याचिङ्ग प्रणालीद्वारा विद्यार्थी छनोट गर्ने नियमावलीको नियम १८ बमोजिमको कार्यलाई व्यवस्थित,विश्वसनीय र पारदर्शी बनाउन चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रणाली सम्वन्धी कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्यइएको छ।

### ३.३.८ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

चिकित्सा शिक्षाका विधामा स्पेसियालिटी तथा सवस्पेसियालिटी अध्ययनका लागि नयाँ कार्यक्रमहरूको तर्जुमा एवं सञ्चालन गर्न स्थापित नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम कारबाही, पाठ्यक्रम तथा मापदण्ड निर्धारण,

कार्यक्रम सञ्चालन अनुमति प्रदान, शिक्षकहरू पहिचान लगायतका कार्यका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा २८ बमोजिम गठित नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको व्यवस्थापन गर्न ऐनको दफा ६को खण्ड छ र नियमावलीको नियम ३० र ३१ बमोजिमका कार्यलाई व्यवस्थित प्रयोग गर्न नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

### *३.३.९ चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरूको बिदा तथा भ्रमण सम्वन्धी कार्यविधि, २०७७*

चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरूको बिदा तथा भ्रमण सम्वन्धी कार्यलाई व्यवस्थित गर्नका लागि आयोगको मिति २०७७।०४।३० गतेको बैठकले अधिकारअन्तर्गत कार्यकारी समितिले यो कार्यविधि बनाएर लागु गरेको छ ।

### *३.३.१० स्नातक तहको पाठ्यक्रम प्रारूप ढाँचा, २०७७*

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १९ तथा नियमावली २०७७ को नियम २४ को व्यवस्था कार्यान्वयन गर्न चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०७७।७८ मा स्नातक तहको चिकित्सा शिक्षा अन्तरगत एमविविएस कार्यक्रमको पाठ्यक्रम प्रारूप ढाँचाको मस्यौदा तयार गरेको छ ।

## ३.४ शुल्क निर्धारण

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ का दफा ९ (झ)मा चिकित्सा शिक्षाका कार्यक्रमहरूको शुल्क निर्धारण गरी आयोग समक्ष सिफारिस गर्ने जिम्मेवारी कार्यकारी समितिमा रहेको छ । सोही ऐनको परिच्छेद ७ को दफा १८ मा शिक्षण शुल्क निर्धारण गर्दा विश्वविद्यालय, प्रतिष्ठान वा शिक्षण सङ्स्थाको लागत, सञ्चालन खर्च, मुद्रास्फीति, भौगोलिक अवस्थिति, छात्रवृत्ति तथा निशुल्क सेवासमेतलाई दृष्टिगत गरी गर्नुपर्ने प्रावधान रहेको छ । कानुनी व्यवस्था अनुसार आयोगको कार्यकारी समितिको निर्णयानुसार निर्देशक प्रा.डा. रमेशप्रसाद आचार्यको संयोजकत्वमा शिक्षण शुल्क निर्धारण कार्यदलको गठन भएको थियो । उक्त कार्यदलले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र अन्य प्रचलित नेपाल कानुन, चिकित्सा शिक्षा सम्बन्धमा हालसम्म गठित आयोग, समिति र कार्यदलहरूले शुल्क सम्बन्धी पेस गरेका सुझावहरू र विगतमा अवलम्बन गरिएका मानकमा आधारित आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ को शुल्क निर्धारण सम्बन्धी कार्यसम्पादन गरी कार्यकारी समक्ष प्रतिवेदन पेस गरेको थियो । कार्यदलले पेस गरेको शुल्क निर्धारण सम्बन्धी प्रतिवेदनलाई कार्यकारी समितिले स्वीकृत गरी अनुमोदनका लागि आयोगको बैठकमा पेस गरिएको र आयोगको मिति २०७७ माघ ९ गतेको बैठकबाट अनुमोदन भएको थियो । स्नातक तह र स्नातकोत्तर तहको चिकित्सा शिक्षाको विभिन्न कार्यक्रमको अनुमोदित शुल्कको विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

तालिका न. ४

## स्नातकोत्तर तहको शैक्षिक सत्र २०७६\०७७ का लागि निर्धारित शुल्क विवरण

| सि. न. | कार्यक्रम | अधिकतम शुल्क | कैफियत |
|---|---|---|---|
| 1. | MD/MS Clinical | 22,99,000/- | Anesthesiology, Dermatology, Internal Medicine, Obstetrics / Gynecology, Ophthalmology, Orthopaedics, Otorhinolaryngology, Paediatrics, Psychiatry, Radiology, Surgery, General Practice, Pathology |
| 2. | MD/MS Basic science (Non - clinical) | 10,48,135/- | Anatomy, Biochemistry, Community Medicine, Microbiology, Pharmacology, Physiology, Forensic Medicine |
| 3. | MDS Clinical | 22,99,000/- | Conservative Dentistry and Endidontics, Orthodontics, Periodontics, Oral &Maxilo - Facial Surgery, Oral Medicine & Radiology |
| 4. | MDS Non – Clinical(Basic science) | 10,48,135/- | Oral Pathology, Community Dentistry |
| 5. | MD Ayurveda | 9,24,365/- | |
| 6. | MN/M .Sc. Nursing | 8,88,250/- | |
| 7. | MPH | 8,88,250/- | |
| 8. | M .Pharma | 5,01,600/- | |
| 9. | M .Sc . MLT | 7,31,500/- | |
| 10. | M . Sc. MIT | 7,31,500/- | |
| 11. | M .Sc . Medical Microbiology / Bio - Chemistry | 7,31,500/- | |
| 12. | M .Sc . Basic Scince | 7,31,500/- | |
| 13. | M .Phill Clinical Psychology | 2,93,645/- | |

तालिका न.५

**चिकित्सा शिक्षाको स्नातक र स्नातकोत्तर तहको विभिन्न कार्यक्रमको शैक्षिक सत्र २०७७\०७८ का लागि निर्धारित शुल्क विवरण**

| सि.नं. | कार्यक्रम | शैक्षिक सत्र २०७७/०७८ का लागि निर्धारित शुल्क |
|---|---|---|
| 1 | MBBS (उपत्यका भित्र ) | 40,23,250 |
| | MBBS (उपत्यका बाहिर) | 44,36,025 |
| 2 | BDS | 20,19,580 |
| 3 | B.Sc. Nursing | 10,00,000 |
| 4 | BPT/B.Sc. MLT/B.Sc. MIT/ B. Medical Microbiology/ Biochemistry | 7,50,000 |
| 5 | BAMS | 10,92,600 |
| 6 | BNS/PBN | 500000 |
| 7 | B. Pharma/BPH/B.Optm/ B.Per.Tech./BASLP | 7,50,000 |
| 8 | MD/MS Clinical | 22,99,000 |
| 9 | MD/MS (Basic science) | 10,48,135 |
| 10 | MDS (Clinical) | 2,299,000 |
| 11 | MDS (Basic Sciecnce) | 10,48,135 |
| 12 | MD Aayurved | 9,24,365 |
| 13 | MN/M. Sc. Nursing/MPH | 8,88,250 |
| 14 | M.Pharma | 5,01,600 |
| 15 | M.Sc. Medical Microbiology/Bio chemistry/M.Sc. MIT/ MLT | 7,31,500 |
| 16 | M.Sc Basic Science | 7,31,500 |
| 17 | M.Phil Clinical Psychology | 2,93,645 |
| 18 | DM/MCh | 2,500,000 |

### ३.५ वैदेशिक अध्ययन अनुमति पत्र

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १६ को उपदफा (५) को खण्ड (क) तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २७ को (ख) मा भएको व्यवस्था कार्यान्वयनका लागि चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमति पत्रसम्बन्धी निर्देशिका, २०७७ कार्यकारी समितिबाट मिति २०७७ असोज १३ गते सोमबार स्वीकृत गरेको थियो । उक्त निर्देशिकाको आधारमा मिति २०७७ असोज १५ गते बिहिबारबाट आयोगले वैदेशिक अध्ययन अनुमति पत्र दिने कामको थालनी भएको हो । निर्देशिका जारी नहुँदासम्म वैदेशिक अध्ययन अनुमति पत्र दिने काम नेपाल मेडिकल काउन्सिल, नेपाल फार्मेसी काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद आदिबाट हुँदै आएको थियो ।

चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि विदेशमा जाने विद्यार्थीको योग्यता निर्धारण गरी आ.व. २०७७\२०७८ को असार मसान्तसम्म जारी भएको वैदेशिक अध्ययन अनुमति पत्रको विवरण यसप्रकार छ ।

तालिका न. ६

**वैदेशिक अध्ययन अनुमति पत्रको विवरण**

| क्र.स. | तह/किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्नातक | २७३ जना | |
| २ | स्नातकोत्तर | २०९ जना | |
| ३ | फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिम | ९ जना | |
| | जम्मा | ४९१ | |

## ३.६ मापदण्ड तथा सिट निर्धारण

### ३.६.१ *मापदण्ड*

चिकित्सा शिक्षामा न्यूनतम मापदण्ड र गुणस्तर कायम हुनुपर्ने व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ मा उल्लेख छ । यसका लागि आयोगले शिक्षण सङ्स्थामा चिकित्सा शिक्षाको गुणस्तर तथा मापदण्ड निर्धारण गर्नका लागि चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान, परिषद् र शिक्षण सङ्स्थाले विगतमा तयार गरी कार्यान्विनयमा ल्याएको मापदण्ड (Yardsticks) माथि व्यापक छलफल, परामर्श र पर्याप्त गृहकार्य गरी आयोगको आवश्यकताका आधारमा आयोगको मापदण्ड तयार गरी कार्यान्वियनमा ल्याएको छ ।

### ३.६.२ *सिट निर्धारण*

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ९ (झ) मा शिक्षण सङ्स्थाको विद्यार्थी सिट संख्या शिक्षण शुल्क र सम्बन्धन सम्बन्धी विषयमा आयोग समक्ष सिफारिस गर्ने जिम्मेवारी कार्यकारी समितिलाई दिएको छ । त्यसैगरी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ को नियम १० मा सिट संख्या निर्धारण सम्बन्धी व्यवस्था रहेको छ । उक्त कानुनी व्यवस्था अनुसार आयोगले प्रत्येक शैक्षिक सत्रका लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन हुनु अगावै चिकित्सा शिक्षा सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण सङ्स्थाको तहगत र विषयगत सिट संख्या निर्धारण गर्नुपर्ने उल्लेख छ । यस कानुनी परिधिमा रहेर आयोगले देहायका प्रक्रिया पूरा गरी शैक्षिक सत्र २०७७ का लागि विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण सङ्स्थाको तहगत र विषयगत सिट संख्या निर्धारण गरेको थियो । (सिट संख्या सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा दिइएको छ)

मेडिकल कलेजहरूको स्वमूल्यांकन प्रतिवेदन माग गरी फ्याकल्टी, शैक्षिक कार्यकलाप र भौतिक पूर्वाधारका आधारमा सिट निर्धारणका लागि अनुगमन फाराम तयार गरी कार्यकारी समितिबाट स्वीकृत भई प्रयोगमा ल्याइएको र सोको आधारमा स्नातकोत्तर तहका लागि सिट निर्धारण गरिएको छ ।

कोभिड १९ को नकारात्मक प्रभावका कारण पोस्ट ग्राजुएट तहको सिट निर्धारणका लागि सवै कलेजको स्थलगत अनुगमन गर्न असम्भव हुने भएकाले अनुगमनका लागि अन्तरिम कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको थियो।

## २.७ अनुगमन तथा मूल्याङ्कन

कोभिड १९ को सक्रमणकालको अवस्थामा अनलाइनमार्फत् विभिन्न विश्वविद्यालय प्रतिष्ठान र कलेजहरूका बिच शिक्षण पद्धतिका बारेमा अनुभवको आदान प्रदान र छलफल गरी समन्वय र सहजीकरण गरिएको थियो।

## २.८ एकीकृत प्रवेश परीक्षा

चिकित्सा शिक्षाका विभिन्न तह एवम् कार्यक्रम तथा विधामा स्वदेश तथा विदेशका शैक्षिक सङ्स्थाहरूमा अध्ययनका लागि चिकित्सा शिक्षा आयोगले लिने एकीकृत प्रवेश परीक्षा अनिवार्य उतिर्ण गर्नु पर्ने व्यवस्थ छ। एकीकृत प्रवेश परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आयोगले पाठ्यक्रम विकास, प्रश्नपत्र निर्माण, आवेदन सङ्कलन तथा रुजु, परीक्षा सञ्चलान, उत्तरपुस्तिका सङ्कलन, नतिजा प्रकाशन, योग्यता एवम् समावेशीताको आधारमा विद्यार्थी भर्ना व्यवस्थापन गर्दै आएको छ।

### *२.८.१ पाठ्यक्रम विकास*

एकीकृत प्रवेश परीक्षाको चिकित्सा शिक्षा स्नातक तह र स्नातकोत्तर तहका विभिन्न कार्यक्रम/विधाका एकीकृत पाठ्यक्रमहरू निर्माण गरी प्रयोगमा ल्याइएको छ।

त्यसैगरी एकीकृत प्रवेश परीक्षाको लागि DM/MCh को विभिन्न कार्यक्रम/विधाको एकीकृत पाठ्यक्रमको प्रारम्भिक मस्यौदा विकास गरिएको छ।

### *२.८.२ प्रश्नपत्र निर्माण तथा परिमार्जन*

चिकित्सा शिक्षा स्नातकोत्तर र स्नातक तहको एकीकृत प्रवेश परीक्षाको प्रश्नपत्र एवं उत्तरकुञ्जिका निर्माण गर्न विषयगत विज्ञहरू/रोष्टरको सूचीकृत गरिएको छ। सूचीकृत विज्ञहरूलाई तोकिएको पाठ्यक्रमभित्र रही प्रश्नपत्र निर्माणको आचारसंहिता पालना गर्दै तोकिएको संख्या र समय सीमाभित्र रही विषयगत कोरा प्रश्नपत्र निर्माण तथा सङ्कलन व्यवस्थापन गर्न कार्य गरिएको थियो।

सूचीकृत रोष्टरहरूबाट स्नात्कोत्तर तहका ११ वटा र स्नातक तहका १३ वटा कार्यक्रमको लागि आवश्यक संख्याभन्दा करिव छ गुणा वढी प्रश्नपत्रहरू तयार गरिएको थियो। त्यसैगरी विषयगत विज्ञहरूबाटै प्रश्नपत्र परिमार्जन उपसमित गठन गरी प्रति कार्यक्रम दुई/दुई सेटका दरले प्रश्नपत्र परिमार्जन गरिएको थियो।

### *२.८.३ सूचना प्रकाशन*

चिकित्सा शिक्षा स्नातक तह र स्नातकोत्तर तहको कार्यक्रमहरूमा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षाको आवेदन फाराम अनलाइन प्रणालीमार्फत् सङ्कलन गर्ने व्यवस्था मिलाइएको छ।

### २.८.४ दरखास्त सङ्कलन र रूजु

चिकित्सा शिक्षा स्नातक र स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षामा सहभागी हुनका लागि चिकित्सा शिक्षा आयोगबाट अनलाइन मार्फत आवेदन सङ्कलन गरिएको थियो। स्नातकोत्तर तहको एकीकृत प्रबेश परीक्षाका लागि अनलाइन आवेदन फाराम भरेका परीक्षार्थीहरूको भरिफिकेशन गरी प्रकिया पुगेका ७,६८३ जना परीक्षार्थीको दरखास्त स्वीकृत गरिएको थियो। सोको विस्तृत विवरण तालिकमा उल्लेख गरिएको छ।

तालिका न. ७

**स्नातकोत्तर तहका विभिन्न कार्यक्रमका परीक्षार्थी विवरण**

| S.N. | Program | Examinee |
|---|---|---|
| 1 | Doctor of Medicine (MD)/Master of Surgery (MS) With Experience | 4898 |
| 2 | Doctor of Medicine (MD)/Master of Surgery (MS) Without Experience | 670 |
| 3 | Doctor of Medicine (MD) in Ayurveda (Kayachikitsa) | 40 |
| 4 | Master in Nursing (MN)/Master of Science (MSc) Nursing/Midwifery | 721 |
| 5 | Master of Public Health (MPH)/ Master of Science in Public Health (MSc PH)/MPHN/MHPE/MPH(HPE)/MPH(PHSM) | 478 |
| 6 | Master of Philosophy (MPhil) in Clinical Psychology | 12 |
| 7 | Master of Pharmacy (M.Pharm) | 117 |
| 8 | Master of Science (MSc) in Clinical/Medical Biochemistry & Master of Science (MSc) in Clinical/Medical Microbiology | 115 |
| 9 | Master of Science in Medical Imaging Technology (MSc. MIT) | 34 |
| 10 | Masters of Dental Surgery (MDS) | 545 |
| 11 | Masters of Optometry (MOptom) | 53 |
| Grand Total | | 7,683 |

चिकित्सा शिक्षा स्नातक तहको कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन फारम भरेका ३२,८६८ जना परीक्षार्थीहरूको भरिफिकेशन गरी प्रकिया पुगेका ३२,६६९ जना परीक्षार्थीहरूको दरखास्त स्वीकृत गरिएको थियो। सोको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका न. ८

**स्नातक तहका विभिन्न कार्यक्रमका परीक्षार्थी विवरण**

| SN | Program | Total Application | Approved |
|---|---|---|---|
| 1 | MBBS | 11299 | 11213 |
| 2 | BDS | 4536 | 4521 |
| 3 | BSc Nursing | 4003 | 3983 |
| 4 | BASLP | 64 | 64 |
| 5 | B Perfusion Technology | 193 | 193 |

| SN | Program | Total Application | Approved |
|---|---|---|---|
| 6 | BAMS | 497 | 492 |
| 7 | BNS (Including BNS Critical care Nursing Adult and BNS Critical care Nursing Paediatric)/ B. Midwifery | 3484 | 3478 |
| 8 | BSc. MLT/ BSc. Medical Microbiology/BSc. Medical Biochemistry | 1008 | 1000 |
| 9 | BSc MIT | 291 | 286 |
| 10 | B Pharm | 3170 | 3138 |
| 11 | B Optometry | 1148 | 1140 |
| 12 | BPT | 541 | 538 |
| 13 | BPH | 2634 | 2623 |
| | Total | 32,868 | 32,669 |

### २.८.५ परीक्षा सञ्चालन

स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षा काठमाडौं उपत्यकाभित्रका विद्यालय/कलेजमा २७ वटा परीक्षा केन्द्र कायम गरी २०७७ साल पुस १८, १९ र २० गते सञ्चालन गरिएको थियो। परीक्षा केन्द्रमा प्रश्नपत्र एवं उत्तरपुस्तिका (OMR Sheet) परीक्षा सञ्चालन हुने दिन नै छपाइ स्थलबाट सम्बन्धित परीक्षा केन्द्रमा पुर्‍याउने र परीक्षा सम्पन्न भएपश्चात पुन प्रश्नपत्र एवं उत्तरपुस्तिका (OMR Sheet) चिकित्सा शिक्षा आयोगमा ल्याउने व्यवस्था मिलाइएको थियो। परीक्षालाई मर्यादित र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक जनशक्तिको परिचालन गरिएको थियो।

चिकित्सा शिक्षा स्नातक तहको एकीकृत प्रबेश परीक्षा काठमाडौं उपत्यकामा र उपत्यका वाहिर चितवन, पोखरा, धरान र नेपालगञ्जमा समेत कोभिड १९ को स्वास्थ्य मापदण्ड पालना गरी प्रति परीक्षा केन्द्र २५० परीक्षार्थी रहने गरी प्रतिष्ठान/सङ्स्थान/कलेज/विद्यालयहरूमा १२७ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चलान गरिने व्यवस्था मिलाइएको थियो।

### २.८.६ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण

चिकित्सा शिक्षा स्नातकोत्तर तहको उत्तरपुस्तिका (OMR Sheet) रूजु गरी कोडिङ् र डिकोडिङ् समेतको व्यवस्था मिलाई रिडर मिसिनबाट परीक्षण गरिएको थियो।

### २.८.७ नतिजा प्रकाशन

चिकित्सा शिक्षा स्नातकोत्तर तहको परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरूको योग्यताक्रमको आधारमा नतिजा प्रकाशन गरिएको थियो। स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाको नतिजा सम्बन्धी विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

Table No. 9: MECEE PG 2020

**Programwise Candidate Detail**

| SN | Program | Examinee | Foreign Mecee | | Nepal Government | | Open | | TOTAL Passed |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | candidates | Passed | candidates | passed | candidates | passed | |
| 1 | Doctor of Medicine (MD)/Master of Surgery (MS) With Experience | 4898 | 140 | 6 | 234 | 202 | 4524 | 2470 | 2678 |
| 2 | Doctor of Medicine (MD)/Master of Surgery (MS) Without Experience | 670 | 262 | 40 | 1 | | 407 | 157 | 197 |
| 3 | Doctor of Medicine (MD) in Ayurveda (Kayachikitsa) | 40 | | | 4 | 3 | 36 | 19 | 22 |
| 4 | Master in Nursing (MN)/Master of Science (MSc) Nursing/Midwifery | 721 | | | 82 | 47 | 639 | 288 | 335 |
| 5 | Master of Public Health (MPH)/ Master of Science in Public Health (MSc PH)/ MPHN/MHPE/MPH(HPE)/ MPH(PHSM) | 478 | | | 42 | 27 | 436 | 163 | 190 |
| 6 | Master of Philosophy (MPhil) in Clinical Psychology | 12 | | | | | 12 | 10 | 10 |
| 7 | Master of Pharmacy (M.Pharm) | 117 | | | 5 | 5 | 112 | 76 | 81 |
| 8 | Master of Science (MSc) in Clinical/ Medical Biochemistry & Master of Science (MSc) in Clinical/Medical Microbiology | 115 | | | 16 | 15 | 99 | 55 | 70 |
| 9 | Master of Science in Medical Imaging Technology (MSc. MIT) | 34 | | | 5 | 1 | 29 | 19 | 20 |
| 10 | Masters of Dental Surgery (MDS) | 545 | 1 | | 12 | 10 | 532 | 204 | 214 |
| 11 | Masters of Optometry (MOptom) | 53 | | | | | 53 | 22 | 22 |
| **Grand Total** | | 7683 | 403 | 46 | 401 | 310 | 6879 | 3483 | 3839 |

### *२.८.८ उजुरी तथा परामर्श*

चिकित्सा शिक्षा स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाको नतिजाका सम्बन्धमा चित्त नबुझेमा पुनर्योगका लागि निवेदन दिने व्यवस्था मिलाई प्राप्त उजुरी निवेदन सम्बन्धमा छानविन गर्न पुनर्योग उपसमिति गठन गरी आवश्यक व्यवस्थापन गरिएको थियो। चिकित्सा शिक्षा स्नातकोत्तर तहको विभिन्न कार्यक्रममा भर्नाका हुनका लागि प्राथमिकता निर्धारण गर्न अनलाइन परामर्श सेवा समेत उपलव्ध गराइएको थियो।

### *२.८.९ म्याचिङ र विद्यार्थी भर्ना*

चिकित्सा शिक्षा स्नातकोत्तर तहको विभिन्न कार्यक्रममा भर्नाका हुनका लागि प्राथमिकता निर्धारण गरी अनलाइन प्रणाली मार्फत परीक्षार्थीहरूको प्रथम, दोश्रो, तेस्रो र Wrp-up म्याचिङ गरी विश्वविद्यालय/प्रतिष्ठान/सङ्स्थान मार्फत विद्यार्थी भर्नाको लागि छनौट गरिएको थियो।




## ३.९ छात्रवृत्ति सम्बन्धी व्यवस्था

चिकित्सा शिक्षाको नियमन, व्यवस्थापन र विकास गरी गुणस्तरीय चिकित्सा शिक्षामा सबैको पहुँच पु¥याउने माथिल्लो निकाय चिकित्सा शिक्षा आयोग हो। आयोगले प्रतिस्पर्धा, क्षमता, पारदर्शिता र समन्यायिकताको मान्यतामा आधारमा छात्रवृत्ति सम्बन्धी कार्य सम्पादन गर्दै आइरहेको छ। छात्रवृत्ति सम्बन्धमा आयोगबाट हालसम्म भएका कार्यहरू देहाय बमोजिम रहेका छन्।

### *३.९.१ विदेशमा छात्रवृत्तिमा अध्ययनका लागि छनौट*

स्वदेश तथा विदेशी शिक्षण सङ्स्थामा छात्रवृत्तिमा चिकित्सा विधाका विभिन्न कार्यक्रम अध्ययनका लागि विद्यार्थी छनोटको काम आयोगबाट भएको र आयोगले गत आर्थिक वर्ष २०७७/७८ मा पहिलो पटक विदेशमा अध्ययन गर्ने

विद्यार्थीको छनौट सम्बन्धी काम सम्पन्न गरेको थियो । यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट चीन सरकारबाट नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा अध्ययनका लागि चिकित्सा शिक्षाको स्नातकोत्तर तहका विभिन्न २० (बीस) ओटा कार्यक्रम अन्तर्गत ४२ (बयालिस) सिटमा सिफारिस गरी पठाउने जिम्मेवारी प्राप्त भएको र आयोगले स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाको योग्यताक्रम र आवेदकले पढ्न चाहेको कार्यक्रम छनोटको प्राथमिकताका आधारमा उमेदवार छनोट गरी मन्त्रलय समक्ष देहायबमोजिमका कार्यक्रममा पठाइएको थियो ।

तालिका न. १०

**छात्रवृत्ति विवरण**

| क्र.स. | कार्यक्रम | विषय | सीट |
|---|---|---|---|
| १ | MD/MS | Clinical Anatomy | ३ |
| २ | | Clinical Physiology | ३ |
| ३ | | Clinical Pharmacology | ३ |
| ४ | | Pathology | ३ |
| ५ | | Clinical Bio-chemistry | ३ |
| ६ | | Clinical Microbiology | २ |
| ७ | | Obstetrics & Gynecology | ३ |
| ८ | | Dermatology | २ |
| ९ | | Radiology | २ |
| १० | | Pediatrics | २ |
| ११ | | Orthopedics | २ |
| १२ | | Cardiology | २ |
| १३ | | Anesthesiology | १ |
| १४ | | Oncology | ३ |
| १५ | | Psychiatry | २ |
| १६ | MPH | MPH | २ |
| १७ | MDS | Oral Pathology | १ |
| १८ | | Oral Anatomy | १ |
| १९ | | Oral Medicine | १ |
| २० | | Community Dentistry | १ |

### ३.९.२ *सार्वजनिक शिक्षण सङ्स्थालाइ छात्रवृत्ति अनुदान वितरण*

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा ७ र ८ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७, को नियम ४४ अनुसार सार्वजनिक शिक्षण सङ्स्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सिट संख्याको कम्तीमा पचहत्तर प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नुपर्ने र नि:शुल्क छात्रवृत्ति उपलब्ध गराएवापत नेपाल सरकारले सम्बन्धित शिक्षण सङ्स्थालाई एकमुष्ट अनुदान प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । शैक्षिक सत्र २०७६ मा चिकित्सा शिक्षा स्नातक तहका विभिन्न कार्यक्रममा भर्ना भै अध्ययन गरिरहेका विद्यार्थी संख्याका आधारमा आर्थिक वर्ष २०७६ ।०७७ को

असारमा पहिलो किस्ता बापतको रकम रु ३५,४९,६७,१५०/- (पैतिस करोड, उनान्पचास लाख सतसठ्ठी हजार एक सय पचास मात्र) अनुदान बापत सार्वजनिक शिक्षणसङ्स्थालाई उपलब्ध गराएको थियो। आर्थिक वर्ष २०७७।७८ मा देहाय शैक्षिक सङ्स्थाहरूलाई देहायमा उल्लेख गरे अनुसारको रकम निकासा दिइएको थियो।

तालिका न.११

**अनुदान वितरण विवरण**

| क्र. स. | शिक्षण सङ्स्थाको नाम | खातामा पठाएको रकम |
|---|---|---|
| १ | त्रि.वि. चिकित्सा शास्त्र अध्ययन सङ्स्थान, महाराजगञ्ज चिकित्सा क्याम्पस, महाराजगञ्ज | १०३,०७६,५९० |
| २ | त्रि.वि. चिकित्सा शास्त्र अध्ययन सङ्स्थान, जनस्वास्थ्य केन्द्रीय विभाग, महाराजगञ्ज | ७,४३३,१०२ |
| ३ | त्रि.वि. चिकित्सा शास्त्र अध्ययन सङ्स्थान, महाराजगञ्ज नर्सिङ्ग क्याम्पस, महाराजगञ्ज | १३,२१९,२२७ |
| ४ | त्रि.वि. चिकित्सा शास्त्र अध्ययन सङ्स्थान, आयुर्वेदिक क्याम्पस, कीर्तिपुर | ११,१८९,३१७ |
| ५ | पाटन स्वास्थ् विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुर | ७४,९४५,७९६ |
| ६ | विवी कोइराला स्वास्थ् विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | १३६,१४५,६७१ |
| ७ | नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय आयुर्वेद विद्यापीठ बेलझुण्डी, दाङ | ११,१८९,३१७ |
| ८ | विराटनगर नर्सिङ्ग क्याम्पस, विराटनगर, मोरङ | २,३३०,६१७ |
| ९ | विरगञ्ज नर्सिङ्ग क्याम्पस, पर्सा विरगञ्ज | १,१००,९८४ |
| १० | पोखरा नर्सिङ्ग क्याम्पस, पोखरा, कास्की | १,४५१,१०१ |
| ११ | नेपालगञ्ज जनर्सिङ्ग क्याम्पस, नेपालगञ्ज बाँके | १,४५१,१०१ |
| | **जम्मा** | ३६९,६८२,५८४ |

## ३.१० मेडिकल स्पेसियालिटिज र सब स्पेसियालिटिज

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा २८'घ' वमोजिम स्थापना भएको नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज लाई उक्त ऐनको दफा ६ 'घ' तथा 'झ' का साथै राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७५ को नियम ३० र ३१ ले तोके वमोजिम चिकित्सा शिक्षाका नवीनतम प्रविधिमा आधारित स्पपेसियालिटी तथा सव स्पेसियालिटिका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने अधिकार चिकित्सा शिक्षा आयोगलाई दिएको छ। यस कार्यका लागि चिकित्सा शिक्षा आयोगमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज निर्देशनालय रहेको छ।

नेसनल बोर्ड अन्तर्गत सञ्चालन गरिने स्पेसियालिटिज तथा सव स्पेसियालिटिजका कार्यक्रमका लागि विभन्न सङ्स्थाहरू पहिचान तथा स्तर निर्धारण, कार्यक्रम सञ्चालन गर्दा पालना गर्नु पर्ने मापदण्ड एवम शिक्षक फ्याकल्टीका लागि मार्गदर्शन गर्न नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। उक्त कार्यविधिको विभिन्न चरणमा अभिमुखीकरण गरी कार्यक्रम प्रक्रिया सुरुवात गरिएको छ।

नेसनल बोर्ड अन्तर्गतका कार्यक्रमहरू सञ्चालनार्थ राष्ट्रिय चिकित्सा शिक्षा नियमावली ३०(१) मा नेशनल वोर्डको व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा नेसलन बोर्डको ६ वटा बैठक बसी कार्य सञ्चालन कार्यविधि निर्माण, स्पेसियालिटी तथा सव-स्पेसियालिटीका कार्यक्रमहरू परीचालन, स्वमूल्यांकन कार्यविधि निर्माण तथा कार्यान्वयन, कार्यक्रमका लागि 'curriculum Framework for Specialty and Subspecialty' स्वीकृति जस्ता नीतिगत निर्णयहरू भएका छन्।

स्पेसियालिटिज तथा सव स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने सङ्स्थाहरूको मूल्याङ्कन प्रयोजनका लागि स्वमूल्याङ्कन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। सङ्स्थाहरूलाई अनलाइन प्रणाली आयोगको website www.mec.gov.np मार्फत सार्वजनिक रूपमा स्वमूल्याङ्कन आह्वान गरिएको र १६ वटा सङ्स्थाहरूले स्वमूल्याङ्कनका लागि आवेदन दिएका छन्।

पाठ्यक्रम निर्माण हेतु विषयगत पाठ्यक्रम समिति गठन (curriculum Committees): नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज २०७७ मा सूचीकृत गरिएका स्पेसियालिटी तथा सव स्पेसियालिटीका विभिन्न कार्यक्रमहरूमध्ये स्पेसियालिटी अन्तर्गत ६ वटा तथा सवस्पेसियालिटि अन्तर्गत ९ वटा कार्यक्रमका लागि पाठ्यक्रम विकास समितिहरू गठन गरी १५ वटा पाठ्यक्रम विकास गरिएका छन्।

## ३.११ मुद्दा तथा फैसाला

आर्थिक वर्ष २०७७/०७८ मा आयोगलाई बिपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा जम्मा मुद्दा ४३ दर्ता भएका छ। दर्ता भएको मुद्दाहरूमध्ये सम्मानित अदालतबाट १६ वटा मुद्दामा अन्तरिम आदेश र ४ वटा मुद्दाहरूमा अल्पकालीन आदेश जारी भएको छ भने २३ वटा मुद्दाहरूमा अन्तरिम तथा अल्पकालीन छलफलका लागि आयोगलाई उपस्थित हुन आदेश भएको छ। सम्मानित अदालतमा दर्ता भएका मुद्दा तथा सोको विवरण देहाय बमोजिम रहेको छ :

तालिका न. १२

## आ.व. २०७७/०७८ मा दर्ता भएका मुद्दाहरूको विवरण

| सि.नं | मुद्दा नम्बर | रिट निवेदक | मुद्दा | कैफियत |
|---|---|---|---|---|
| १ | ०७७ - WO – ०२०८ | मुक्तिनाथ मेची टक्निकल ट्रेनिङ एकेडेमी प्रा.लि. | उत्प्रेषण | |
| २ | ०७७ - WO – ०२०७ | डा राकेश यादव समेत | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ३ | ०७७ - WO – ०२१८ | अधिबक्ता गोकुल भण्डारी | उत्प्रेषण | |
| ४ | ०७७ - WO – 00७४ | नरेश भट्ट समेत | उत्प्रेषण | |
| ५ | ०७७ - WO – ०२३० | ॐ सञ्जिवनी डाइग्नोष्टिक | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ६ | ०७७ - WO – ०२७० | भिक्टोरिया टेक्निकल प्रा लि | उत्प्रेषण | |
| ७ | ०७७ - WO – ०२३६ | डा विदुर खतिवडा समेत | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ८ | ०७७ - WO – ०२३७ | विनयकुमार पंजियार | उत्प्रेषण | |
| ९ | ०७७ - WO – ०२४६ | अरुणकुमार पाण्डेय | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| १० | ०७७ - WO – ०२९७ | आनन्दकुमार देव | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ११ | ०७७ - WO – ०३२४ | वि एण्ड सी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा लि | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| १२ | ०७७ - WO – ०३६९ | मनमोहन मेमोरीयल मेडिकल कलेज टचिङ हस्पिटल | उत्प्रेषण | अल्पकालिन आदेश जारी भएको |
| १३ | ०७७-WO-०८०५ | कृष्णहरि श्रेष्ठ | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| १४. | ०७७-WO-०२९२ | श्री राजदेवी टेक्निकल इन्स्टिच्युट प्रा. लि. | उत्प्रेषण | |
| १५ | ०७७-WO-०६३० | ज्योति देशवाल | परमादेश | |
| १६ | ०७७-WO-०६३७ | डा.सन्तोष राईसमेत | उत्प्रेषण | |
| १७. | ०७७-WO-०९३९ | डा. ढुण्डीराज पौडेल | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| १८. | ०७७-WO-०६४५ | नचिकेत अमित त्रिवेदी | परमादेश | |
| १९ | मुद्दा नं. ०७७-WO-०७७७ | डा.प्रनिता राजभण्डारी | | |
| २० | ०७७-WO-०७४५ | भिष्म प्रसाद पोखरेल | उत्प्रेषण | |
| २१ | ०७७-WO-०७९५ | भिष्म प्रसाद पोखरेल | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| २२ | ०७७-WO-1015 | यश कुमार गुप्ता समेत | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| २३ | ०७७-WO-०७७४ | रविन बाबु पौडयाल | उत्प्रेषण | |
| २४ | ०७७-WO-०६४३ | विकास दुवाडीको | परमादेश | अल्पकालिन आदेश जारी भएको |
| २५ | ०७७-WO-०८३० | बिना सापकोटा | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| २६ | ०७७-WO-०७५५ | श्रृजना पाण्डेय | उत्प्रेषण | अल्पकालिन आदेश जारी भएको |

| सि.नं | मुद्दा नम्बर | रिट निवेदक | मुद्दा | कैफियत |
|---|---|---|---|---|
| २७ | ०७७-WO-०८०६ | डा. सफलता देवी कोजु | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| २८ | ०७७-WO-०७५२ | डा.सुप्रिया पौडयाल | उत्प्रेषण | अल्पकालिन आदेश जारी भएको |
| २९ | ०७७-WO-०७२७ | सृजना लिङ्थेप | उत्प्रेषण | |
| ३० | ०७७-WO-1०९६ | नाजरिन राई | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ३१ | ०७७-WO-1152 | काठमाण्डौं नेशनल मेडिकल कलेज प्रा.लि. | उत्प्रेषण | |
| ३२ | ०७७-WO-०८०४ | डा. करुणा बज्राचार्य | उत्प्रेषण | |
| ३३ | ०७७-WO-०८०३ | डा. आविष्कार सुवेदी समेत | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ३४ | ०७७-WO-०७४३ | डा.अरुण गौतम | उत्प्रेषण | |
| ३५ | ०७७-WO-०८७९ | अभ्यु घिमिरे | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ३६ | ०७७-WO-1१९० | अञ्जली मण्डल | उत्प्रेषण | अन्तरिम आदेश जारी भएको |
| ३७ | ०७७-WO-1२५३ | अखिलेश कुमार बर्मा | उत्प्रेषण | |
| ३८ | ०७७-WO-1246 | कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि. | उत्प्रेषण | |
| ३९ | ०७८-WO-०००२ | नागेन्द्र झा | उत्प्रेषण | |
| ४० | ०७८-MS -०००२ | पिपल्स डेण्टल कलेज एण्ड हस्पिटल प्रा.लि. | अदालतको अवहेलना | |
| ४१ | ०७८-WO-००७० | यति हेल्थ साइन्स एकेडेमी प्रा.लि. | उत्प्रेषण | |
| ४२ | ०७७-WO-१०८५ | डा. दिव्या नेपाल | उत्प्रेषण | |
| ४३ | ०७७-WO-१०५३ | सुनिता कुमारी चौधरी | उत्प्रेषणसमेत | |

आयोगलाई विपक्षी बनाई दर्ता भएका अधिकांश मुद्दाहरू सम्मानित अदालतमा विचाराधीन रहेका छन् । विनय कुमार पंजियार बिरुद्ध चिकित्सा शिक्षा आयोग समेत भएको (रिट नं. ०७७-WO- ०२३७) उत्प्रेषण मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अरक्षणको सम्बन्धमा चिकित्सा शिक्षाको स्नातक तहमा प्रवेशको लागि आरक्षणको व्यवस्था गरिएको र एकिकृत परीक्षा सञ्चालन गरिए पनि आरक्षित वर्गको लागि अलग्गै सूची प्रकाशित गरिने व्यवस्था रहेको, ती व्यवस्थाहरू संविधान विपरित छन् र शून्य घोषित गरिनुपर्छ भन्ने निवेदकको जिकिर नदेखिएको, स्नातकोत्तर तहमा आरक्षण गरिनुपर्छ भन्ने जिकिर संविधान र कानुनी व्यवस्था समेतको रोहमा स्वीकार गर्न सकिने अवस्था नदेखिएको, औचित्यको हिसाबबाट पनि चिकित्सा शिक्षामा गुणस्तरमा प्रतिकूल असर पर्ने गरी व्यवस्था गरिनु वाञ्छनीय समेत नदेखिने भनी रिट खारेज हुने ठहर गरी चिकित्सा शिक्षा र अन्य शिक्षामा समेत सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि शिक्षाको गुणस्तरमा सम्झौता नहुने गरी के कस्तो नीति, कानुन र सङ्स्थागत व्यवस्था बनाई समानता, समता र सहभागिताको दृष्टिबाट उचित हुन्छ भन्ने विषयमा वृहत रूपमा अध्ययन र छलफल गरी संविधानको शब्द, भावना र मर्म अनुरूप यथाशिघ्र उपयुक्त नीतिगत, कानुनी र सङ्स्थागत व्यवस्था गर्नु, गराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ ।

## ३.१२ *अन्य कार्य*

### क) प्रिफ्याव भवन निर्माण

चिकित्सा शिक्षा आयोगको कार्यालयको अस्थायी व्यवस्थापन लागि आर्थिक वर्ष २०७७/७८ मा विनियोजित रकम रु २ करोडको लागत अनुमान अनुसार प्रिफ्याव भवन निर्माण कार्य सम्पन्न गरिएको छ।

### ख) गुनासा व्यवस्थापन

चिकित्सा शिक्षा आयोगमा आयोगका काम कारवाही तथा चिकित्सा शिक्षासँग सम्बन्धित गुनासो समाधानका लागि बिभिन्न माध्यमहरूको प्रयोग हुदै आएको छ। टेलिफोन, इमेल, प्रत्यक्ष उपस्थित भएर, गुनासो पोर्टल आदि माध्यमवाट गुनासोकर्ताले गुनासो दर्ता गराउन सक्ने प्रावधान रहेको छ। गुनासो व्यवस्थापनका लागि आयोगमा गुनासो सुन्ने अधिकारी प्रवक्ता तथा सूचना अधिकारीको समेत व्यवस्था गरिएको छ। गुनासोको प्रकृति र गाम्भिर्यता हेरेर समाधान गरिदै आएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको गुनासो व्यवस्थापन पोर्टलसँग प्रत्यक्ष सम्बन्ध रहने गरी आयोगको अनलाइन गुनासो व्यवस्थापन पोर्टल समेत सञ्चालनमा आएको छ।

आर्थिक वर्ष २०७७।७८ मा आयोगको अनलाइन पोर्टल प्रणालीमार्फत ५६ वटा गुनासो प्राप्त भएकोमा ५५ वटा गुनासोहरूको सम्बोधन गरिएको र बाँकी एउटा गुनासो सम्बोधनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको थियो।

### ग) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey)

चिकित्सा शिक्षा आयोगको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी आयोगबाट सङ्गठन संरचना स्वीकृति गरिएको छ। स्वीकृत आयोगको सङ्गठन संरचना अनुसूची २ मा दिइएको छ।

### घ) चिकित्सा शिक्षा पत्रिका (JMEC-Journal of Medical Education Commission)

आर्थिक वर्ष २०७७।७८ मा चिकित्सा शिक्षाका विषय खोजमूलक तथा अनुसन्धानमूलक लेखहरू समेटिएको १ वटा चिकित्सा शिक्षा पत्रिका (JMEC-Journal of Medical Education Commission) को प्रकाशन गरिएको छ।

### ङ) चिकित्सा शिक्षा वुलेटिन प्रकाशन

चिकित्सा शिक्षा आयोगका नियमित गतिविधि एवम् कामकारवाही समेटिएको चिकित्सा शिक्षा वुलेटिन अर्धवार्षिक रूपमा हुने गरी आर्थिक वर्ष २०७७/७८ मा १ अङ्क प्रकाशन गरिएको छ।

# परिच्छेद ४

# वित्तीय अवस्था

## ४.१ आयोगको वित्तीय अवस्था

चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०७७।७८ मा नेपाल सरकारबाट पुँजीगत रकम रु ३ करोड ५५ लाख र चालु तर्फ रु ५१ करोड ७० लाख ५४ हजार गरी जम्मा रु ५५ करोड २५ लाख ५४ हजार प्राप्त भएको थियो। चालु तर्फ ८४ प्रतिशत वित्तीय र ९५ प्रतिशत भौतिक तथा पुँजीगत तर्फ ७४ प्रतिशत वित्तीय र ९९ प्रतिशत भौतिक प्रगति भएको छ।

त्यसैगरी आ.व. २०७७/०७८ मा आयोगको आन्तरिक कोषमा रकम रु. १९,३४,३९,७५८।६३ जम्मा भएकोमा रकम रु २,१५,८६,२३४।०० खर्च भएको छ।

तालिका नं. १३

**चिकित्सा शिक्षा आयोगको आ.व. २०७७/०७८ को वित्तीय अवस्था**

| सि. नं | बजेट उपशीर्षक नै | बजेट /आय | निकासा/खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३५०२१०१४३ | ५१,७०,५४,०००।०० | ४३,४५,९९,८३६।५६ | ८,२४,५४,१६३।४४ | |
| २ | ३५०२१०१४४ | ३,५५,००,०००।०० | २,६२,३१,१७४।६३ | ९२,६८,८२५।३७ | |
| ३ | आन्तरीक स्रोत | १९,३४,३९,७५८।६३ | २,१५,८६,२३४।०० | १७,१८,५३,५२४।६३ | |
| ४ | धरौटी | ३,०६९८००।२६ | ६०३७१८।०० | २४,६६,०८२।२६ | |

## ४.२ लेखापरीक्षण र वेरुजु

चिकित्सा शिक्षा आयोगको आ.व. २०७६/७७ को लेखा परीक्षण सङ्गपन्न भइ सकेको र वेरुजु शुन्य गर्न आयोग सफल रहेको छ।

# परिच्छेद ५

# समस्या, चुनौती र अवसर

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षासम्बन्धी शिक्षण सङ्स्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, सङ्स्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्नका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मार्फत् चिकित्सा शिक्षा आयोगको स्थापना भई कार्यसम्पादन हुँदै आइरहेको छ। चिकित्सा शिक्षाको नियमनकारी निकायको रूपमा रहेको यस आयोगले ऐन मार्फत कानुनसम्म रूपमा काम थालेको करिब साढे दुइ वर्षको अवधिमा आफ्नो क्षेत्राधिकारभित्र रहेर कार्यसम्पादन गरी उल्लेख्य रूपमा उपलब्धि हासिल गरिसकेको छ। नियमित प्रकृतिका कार्यालयीय कामकाजदेखि चिकित्सा शिक्षाका कार्यक्रमहरूको निर्धारण, सिट संख्या निर्धारण र वितरण, शिक्षण सङ्स्थाहरूको मापदण्ड निर्धारण गरी अनुगमन र नियमन, एकीकृत प्रवेश परीक्षाको सञ्चालन र व्यवस्थापन, शुल्क निर्धारण लगायतका नीतिगत, प्रक्रियागत तथा कार्यक्रमगत कार्यसम्पादन गरिरहेको छ। राष्ट्रिय चिकित्सा ऐन तथा नियमावलीका प्राबधानहरू, सरकारका चिकित्सा शिक्षा सम्बन्धी नीति, आयोगको बैठकका निर्णयहरू कार्यन्वयन गर्ने निकायका रूपमा कार्यसम्पादन गर्दै आइरहेको आयोगले सम्बद्ध सरोकारवालहरू निकाय र पदाधिकारीहरूसँग समन्वय र सहजिकरण गर्दै आइरहेको छ। यी विविध प्रयास र उपलब्धिका बाबजुद पनि आयोगले विभिन्न समस्या र चुनौतीहरू सामना गर्नु परेको छ। आयोग समक्ष रहेका समस्या, चुनौती र अवसरलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ।

## ५.१ समस्या

१. राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ मा प्रष्ट नभएका विषयमा संशोधन गर्न चिकित्सा शिक्षा आयोगले नेपाल सरकार समक्ष सिफारिस गरी पठाइएकोमा संसोधन हुन नसक्दा कानुनी असहजता भएको।

२. आयोगको आफ्नो कर्मचारीको व्यवस्था भई नसकेको र स्वीकृत अस्थायी दरवन्दी अनुसार कर्मचारीहरूको पदपूर्ति हुन नसकेकाले आयोगलाई आवश्यक जनशक्ति अभाव भई कार्यसम्पादनमा कठिनाइ भएको।

३. आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बिच सङ्स्थागत समन्वय सवल/वलियो बन्न नसक्दा कार्य सम्पादनमा कठिनाई भएको। जस्तैः स्नातकोत्तर तहमा अध्ययनका लागि छनौट भएका विद्यार्थीका लागि विदा स्वीकृतिमा समस्या देखिएको।

४. चिकित्सा शिक्षामा वैज्ञानिक र पारदर्शी आधारमा शुल्क निर्धारण गरेर सवैको लागि गुणस्तरीय चिकित्सा शिक्षामा सवैको सहज पहँच पुऱ्याउने उद्देश्यले आयोगले कार्यदल गठन गरी शुल्क निर्धारणका आधार निर्माण गरेको। निर्धारित आधारसहित शुल्क निर्धारणका लागि आयोगको बैठक समक्ष सिफारिस गरेको भएतापनि सबै विषयमा नयाँ शुल्क कायम हुन नसकेको। सबैको चासो र सरोकारको विषयको रूपमा रहको MBBS र BDS कार्यक्रमको शुल्क पुरानै कायम हुनुले शुल्क सम्बन्धी विवाद पूरा समाधान हुन नसकेको।

५. बिगतका वर्षहरूमा अधिकारप्राप्त निकायहरूले निर्धारण गरेको चिकित्सा शिक्षाको शुल्क कार्यन्वयनका लागि आयोगको पटक पटकको समन्वय, सहजीकरण र निर्देशनका बाबजुद गुनासाहरू आइ नै रहेको।

६. एकिकृत प्रवेश परीक्षाका लागि माग गरिएको विज्ञ सूचि (Roster) मा प्रर्याप्त विज्ञ उपलब्ध हुन नसकेको।

७. एकिकृत प्रवेश परीक्षा सञ्चालनका क्रममा प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षण लगायतका क्षेत्रमा न्यून परीश्रमिक भएकोले पर्याप्त संख्यामा विज्ञहरू सहज रूपमा उपलब्ध नभएको।

८. आयोगको कार्यवोझको आधारमा साँझ विहान काम गर्नुपर्ने कर्मचारीका लागि थप सुविधाको व्यवस्था नभएको।

९. परीक्षा निर्देशनालयको कामको प्रकृति अनुसार सङ्गठन संरचना वमोजिमका कर्मचारीहरू कम भएकोले समयमा कार्य सम्पन्न गर्न कठिनाइ भएको।

१०. चिकित्सा शिक्षाको विभिन्न तहको एकीकृत प्रवेश परीक्षाको लागि प्रर्याप्त मात्रमा विषय विज्ञ/ रोष्टर सुचीकृत हुन नआएकाले आवश्यकता अनुसार प्रश्नपत्र संकलन गर्न कठिनाइ भएको।

११. चिकित्सा शिक्षाको विभिन्न तहको एकीकृत प्रवेश परीक्षाका सन्दर्भमा विभिन्न विषयका उजुरीहरू प्राप्त भई रहने हुनाले कानुन तर्फको कर्मचारीहरूको अभावले निर्देशनालयकै कर्मचारीबाट कार्य गर्नु पर्दा कार्य बोझ थपिनाले अन्य काममा बाधा पर्न गएको।

१२. परीक्षासँग सम्बन्धित मौखिक (verbal) तथा विद्युतीय (electronic) गुनासाहरूलाई उचित रूपमा सम्बोधन गर्न कठीनाई भएको।

## ५.२ चुनौती

### (क) स्रोत व्यवस्थापन

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ दफा दफा १७ को उपदफा ७ ले सार्वजनिक शिक्षण सङ्स्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सिट संख्याको कम्तिमा ७५ प्रतिशत सिट नि:शुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नु पर्ने र आयोगको परामर्शमा त्यस्तो सिट क्रमश: वृद्धि गर्दै लैजान सकिने व्यवस्था गरेको छ। यसरी सार्वजनिक शिक्षण सङ्स्थाले नि:शुल्क छात्रवृत्ति उपलब्ध गराए वापत नेपाल सरकारले सार्वजनिक शिक्षण सङ्स्थालाई एकमुष्ठ अनुदान प्रदान गर्नुपर्ने व्यवस्था छ। नि:शुल्क छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरूले सरकारले तोकेको स्थानमा गएर कम्तीमा २ वर्ष सेवा गर्नु पर्ने बाध्यकारी व्यवस्था छ। सरकारले तोकेको स्थानमा सेवा गरेवापत निजलाई तलब र मासिक भत्ता समेत उपलव्ध गराउनु पर्ने हुन्छ। एकातिर सरकारले नि:शुल्क छात्रवृत्तिमा पढाउदा खर्च गर्नु पर्ने र अर्कातिर अनिवार्य सेवामा खटाउँदा मासिक भत्ता रकम व्यवस्था गर्नु पर्ने देखिन्छ। यसरी हिसाव गर्दा नि:शुल्क छात्रवृत्ति एमविविएस पढ्ने एकजनालाई वर्तमान अवस्थामा सरकारले कम्तीमा पनि ७.५ वर्षसम्म खर्च गर्नु पर्ने देखिन्छ।

त्यसैगरी ऐनको १८ को उपदफा ३ ले चिकित्सा शिक्षा क्षेत्रको स्नातकोत्तर तह नेपाली विद्यार्थीको लागि नि:शुल्क हुने व्यवस्था गरेको छ। यस कार्यका लागि पनि सरकारले सम्बन्धित शिक्षण सङ्स्थालाई रकम उपलव्ध गराउनु पर्ने हुन्छ।

माथि उल्लिखित परिवेश अनुसार राज्यले चिकित्सा शिक्षा अन्तर्गतका विद्यार्थीहरूका लागि ठुलो धनराशि खर्च गर्नु पर्ने अवस्था छ। ऐनको प्रावधान कार्यान्वयनका लागि दीर्घकालिनसम्म आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्ने कार्य चुनौतिपूर्ण देखिन्छ।

### (ख) पाठ्यक्रम तथा मापदण्ड

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ दफा दफा १९ को उपदफा १ मा विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाको पाठ्यक्रम, शिक्षण विधि र उपाधिको मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ।

विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाहरू आफैमा स्वायत्त निकायहरू हुन्। विश्वविद्यालय तथा प्रतिष्ठानहरू आफ्नो पाठ्यक्रम, शिक्षण विधि र उपाधिको मापदण्ड निर्माण तथा कार्यान्वयनमा स्वतन्त्र हुन्छ । यस परिवेशमा विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाहरूको आफ्नो स्वायत्तता नगुम्ने गरी चिकित्सा शिक्षा आयोगले पाठ्यक्रम, शिक्षण विधि र उपाधिको मापदण्ड उपलब्ध गराउने विषय चुनौतिपूर्ण देखिन्छ ।

**(ग) जनशक्ति परिचालन**

नेपालको चिकित्सा शिक्षाको क्षेत्रमा रहेका विकृति र विसङ्तिलाई हटाई गुणस्तरीय र प्रभावकारी चिकित्सा शिक्षा व्यवस्थाका लागि नेपाल सरकारले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ मार्फत चिकित्सा शिक्षा आयोगलाई शक्तिशाली निगरानी गर्ने निकायको रूपमा विकास गर्ने खोजेको देखिन्छ । यस कार्यका लागि चिकित्सा शिक्षा आयोगले सम्बन्धित कार्यक्रममो विषय विज्ञलाई प्रभावकारी रूपमा परिचालन गर्नु पर्ने हुन्छ । एकातिर सम्बन्धित विषय विज्ञको अभाव छ भने अर्कातिर विषय विज्ञको समय र कार्य व्यस्तताको कारण आयोगलाई आवश्यक समय दिन कठिनाइ भएको छ । त्यसैगरी नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार विषय विज्ञलाई परिचालन गर्न पनि त्यतिकै कठिनाइ छ । यस परिवेशमा चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन गर्ने शैक्षिक सङ्स्थाहरूको अनुगमन तथा निरीक्षण एवम् नियमनका लागि विषय विज्ञहरूको प्राप्ति, विकास र परिचालन गर्ने कार्य आयोगका लागि चुनौतिपूर्ण देखिन्छ ।

**(घ) अन्य चुनौतीहरू**

- चिकित्सा शिक्षाको एकीकृत व्यवस्थापन सूचना प्रणाली HEMIS विकास र कार्यन्वयन गर्ने ।
- चिकित्सा शिक्षा आयोगको व्यवस्थापन सर्वेक्षण स्वीकृत भई स्वचालित सङ्स्थाका रूपमा आयोगको जनशक्ति व्यवस्थापन भई आफ्नै कर्मचारीबाट कार्यसम्पादन गराउने ।
- चिकित्सा शिक्षा सम्वद्ध ऐन कानुनमा समयानुकुल संशोधन गरी एकरूपता कायम गर्ने ।
- वैदेशिक अध्ययनका लागि नेपाल सरकारलाई प्राप्त छात्रावृत्तिमा अध्ययन गर्ने विद्यार्थीको सहजीकरण गर्ने सङ्स्थागत व्यवस्थापन गर्ने ।
- अनलाइन अनुगमन संयन्त्रको विकास, अभ्यास र व्यवस्थापन गर्ने ।
- प्राविधिक कामका लागि पर्याप्त वजेट र नर्म्स स्वीकृत गरी कार्यान्वयन गर्ने ।
- परीक्षा सम्बन्धी प्राविधिक कामका लागि आयोगका आफ्ना कर्मचारीको व्यवस्था गर्ने ।
- कोभिड-१९ लगायतका कारण शैक्षिक क्यालेन्डर तयार गरी कार्यान्वयनमा ल्याउने ।
- नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटीको कार्यरूप (Road Map) निर्धारण गरी योजना, कार्यक्रम, जनशक्ति र आधिकारिकता/मान्यता प्रदान सम्बन्धी व्यवस्था गर्ने ।
- ऐन र कानुनको कार्यन्वयनमा सरोकारवाला निकायको समान बुझाइ र सहकार्य तथा सहयोग जुटाउने । दबाब समूहका मागबाट प्रभावित नभइकन कार्यसम्पादनको वातावरण कायम गर्ने ।

## ५.३ अवसर

क) आयोगको कार्यसम्पादनको लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन तथा नियमावली र पन्ध्र ओटा निर्देशिका, मापदण्ड र कार्यविधिले आधार प्रदान गरेको छ ।

ख) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ प्रस्तावनामै चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त

बनाउन, चिकित्सा शिक्षासम्बन्धी शिक्षण सङ्स्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, सङ्स्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्ने उद्देश्य राखेर जारी भएको भन्ने उद्‌त हुनुले चिकित्सा शिक्षाको आयोगको कार्यसम्पादनलाई स्पष्ट आधार सहितको अवसर प्राप्त भएको छ ।

ग) शिक्षा तथा स्वास्थ्य मन्त्रीका साथै चिकित्सा शिक्षा सम्बद्ध निकायका नेतृत्व तथा विज्ञहरू समाविष्ट चिकित्सा शिक्षा आयोगको नेतृत्व सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहनुले आयोगले विज्ञसहितको उच्चस्तरीय नेतृत्व प्राप्त गरेको छ ।

घ) चिकित्सा शिक्षामा सुधारका लागि विगतदेखि गरिआएका प्रयास र उपलब्धिको आधारमा आयोग स्थापना भएकाले सुधारका काम सङ्स्थागत हुँदै आएको छ ।

ङ) चिकित्सा शिक्षा सुधारका लागि सरोकारवाला, बुद्धिजीवी, समाजसेवी र दबाब समूहको विगत देखिको चासो र चिन्ता निरन्तर रहेको । आयोगको सक्रिय कार्यसम्पादनमा विश्वविद्यालय, प्रतिस्थान लगायत सम्बन्धित पक्षहरूको सहयोग र सुभेच्छा रहेको ।

च) संविधानको मौलिक हकको रूपमा स्थापित स्वास्थ्य सम्बन्धी हक, राज्यका निर्देशक सिद्धान्त र नीति, चिकित्सा शिक्षा नीति, शिक्षा नीति तथा सरकारका रणनैतिक योजनाहरू कार्यान्वयन गरेर गुणस्तरीय चिकित्सा शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने अवसर आयोगले प्राप्त गरेको छ ।

छ) राष्ट्रिय चिकित्सा नीति, २०७६ र स्वास्थ्य नीति, २०७६ र पन्ध्रौ योजनाले चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउन विभिन्न नीतिगत मार्गदर्शन प्रदान भएको ।

ज) चिकित्सा शिक्षाको प्रभावकारी व्यवस्थापन गरी चिकित्सा शिक्षा र स्वास्थ्य सेवालाई गैरनाफामूलक बनाउने अवसर छ ।

झ) विभिन्न ऐन नियममा बाझिएका प्राबधानहरूमा संसोधनको पहल गरी कानुनी एकरूपता कायम गरेर अगाडि बढेमा आयोगको समन्वयात्मक र कार्यसम्पादनका अवस्थामा प्रभावकारी बढ्ने अवस्था छ ।

ञ) विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण सङ्स्था समन्वय र साझेदारी गरेर पाठ्यक्रम र मापदण्डमा पूरा गर्नुपर्ने न्यूनतमस्तर कायम गराउने अवसर छ ।

ट) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजवाट Competency based स्पेसियालिटी र सवस्पेसियालिटी कार्यक्रमको सञ्चालन हुनेहुँदा कार्यस्थलमा आधारित skilled Human Resource उत्पादन गर्ने अवसर प्रदान गरेको छ ।

ठ) मुलुकका लागि आवश्यक जनशक्ति उत्पादन गर्न नयाँ विषयहरूका कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने बैधानिक आधार प्राप्त भएको छ ।

ड) नियमनकारी भूमिकालाई व्यवस्थित गरी चिकित्सा शिक्षाका विकृति र विसङ्गति रोक्ने अभुतपुर्व अवसर छ ।

ढ) चिकित्सा शिक्षाको व्यवस्थापनको लागि सुरुवात भएको एकद्वार प्रणालीलाई सङ्स्थागत गर्ने संयन्त्र निर्माण भएको छ ।

ण) सार्वजनिक चासोको विषयमा रहेको शुल्क निर्धारण प्रणालीलाई वस्तुगत र पारदर्शी बनाई चिकित्सा शिक्षामा सबैको सहज पहुँच पुग्ने वातावरण बनाउने जिम्मेवारी आयोगले पाएको छ ।

त) उच्च तहको प्राविधिक शिक्षा र चिकित्सा शिक्षा सम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई परामर्श दिने अवसर उपलब्ध छ।

थ) स्वास्थ्य क्षेत्रको जनशक्ति प्रक्षेपणका आधारमा चिकित्सा शिक्षाका कार्यक्रम र उत्पादन संख्या निर्धारण गरी उच्च प्राविधिक जनशक्तिको बेरोजगारीको समस्या निरूपण गर्न सकिने अवस्था छ।

द) आयोगको सङ्गठन संरचना स्वीकृत गराई आफ्ना कर्मचारीबाट स्वचालित रूपमा कार्यसम्पादन गराई दिर्घकालीन सङ्स्थागत व्यवस्थापन गर्न पाउने अवसर छ।

ढ) कर्मचारीको क्षमता विकास गर्दै कार्यबोझ र कार्यप्रकृतिका आधारमा सेवा सुविधाको व्यवस्था गरेर अगाडि बढ्दा सङ्स्थागत उपलब्धी बढाउन सकिने अवस्था छ।

# परिच्छेद ६

# भावी कार्यदिशा

चिकित्सा शिक्षाको नियमन कार्यलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण सङ्स्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन र चिकित्सा शिक्षामा गुणस्तर कायम गरी सबै विद्यार्थीको समान पहुँच स्थापना गर्ने उद्देश्यका साथ चिकित्सा शिक्षा आयोगको स्थापना भएको छ। आयोगले आफ्नो उद्देश्य अनुरूप कार्य सम्पादन गर्न भावी दिनमा गर्नु पर्ने कार्य देहाय बमोजिम रहेका छन्:

१. वृहत् रूपमा सरोकारवालाको सहभागिता, सम्बन्धित विशेषज्ञ एवम् विज्ञको परामर्श र अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा राष्ट्रिय आवश्यकता र क्षमता अनुरूप राष्ट्रिय चिकित्सा नीति तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

२. अन्तर्राष्ट्रिय अभ्यास र मापदण्ड समेतको अध्ययन विश्लेषण गरी नेपालको लागि चिकित्सा शिक्षाको कुन क्षेत्र तथा विषयमा कुन तहको कति जनशक्ति आवश्यक पर्छ र जनशक्ति उत्पादनको अवस्था अध्ययन गरी आवश्यकता र आपूर्ति बीच उचित विश्लेषणसहित जनशक्ति प्रक्षेपण योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

३. चिकित्सा शिक्षासँग सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण सङ्स्थाको पाठ्यक्रम, शिक्षण विधि र उपाधिको मापदण्डमा गुणस्तरीयता र न्यूनतम तहको एकरूपता कायम गरी नेपालको चिकित्सा शिक्षालाई विश्वपरिवेशमा प्रतिस्पर्धात्मक एवम् समकक्षता कायम हुनेगरी विकास गर्न विज्ञ र सम्बन्धित सरोकारवालाको सहभागितामा पाठ्यक्रम, शिक्षण विधि र उपाधिको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

४. नेपालको चिकित्सा शिक्षालाई गुणस्तरीय र विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने बनाइ चिकित्सा शिक्षामा अन्तर्राष्ट्रिय विद्यार्थीहरू समेतलाई आकर्षणको केन्द्रको रूपमा विकास गर्न आवश्यक संरचनागत तथा सङ्स्थागत विकास गर्नुपर्नेछ।

५. चिकित्सा शिक्षा प्रदान गर्ने सार्वजनिक शिक्षण सङ्स्थाहरूमा नि:शुल्क छात्रवृत्तिका लागि नेपाल सरकारले ठुलो रकम खर्च गर्नु पर्ने हालको अवस्थालाई व्यवस्थापन गर्न चिकित्सा शिक्षा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि विना धितो सहुलियतपूर्ण कर्जा, नेपाल सरकाले व्याज अनुदान उपलब्ध गराउने जस्ता प्रावधानको व्यवस्था गरी चिकित्सा शिक्षामा सवैको पहुँच सुनिश्चित गर्न र सरकारमाथि दीगो उच्च वित्तीय भार कम गर्नका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यान्वयन गर्नु पर्ने छ।

६. अन्य

- परीक्षा निर्देशनालयको सङ्गठन संरचना वमोजिम प्राविधिक कर्मचारी र परीक्षा निर्देशनालयको सङ्गठन संरचनामा थप अन्य कर्मचारी व्यवस्थापन गर्नु पर्ने।
- चिकित्सा शिक्षाको विभिन्न तहको एकीकृत प्रवेश परीक्षाको लागि प्रश्न निर्माण र परिमार्जन गर्ने विज्ञ/ रोष्टरहरूका लागि पारीश्रमिक लगायत परीक्षा सञ्चालन सम्बन्धी खर्चको नर्म्स संशोधन गरी वढाउनु पर्ने।
- चिकित्सा शिक्षाको विभिन्न तहको एकीकृत प्रवेश परीक्षाको लागि विषय विज्ञ/ रोष्टरले प्रश्नपत्र निर्माण गरे पछि स्वयम् उपस्थित भई गोप्य रूपमा आयोगमा वुझाउनु पर्ने हुँदा समयमा नै प्रश्न पत्र संकलनका लागि नियमित ताकेता गर्ने र छोटो समयावधि वाँकी हुँदा भौतिक रूपमै संकलन गर्न जानका लागि साथै रोष्टरहरूबाट प्राप्त प्रश्नपत्र व्यवस्थापन गर्न जनशक्ति तथा यातायात साधनको प्रबन्ध हुनुपर्ने।

